जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३२, २०७६ साल मंसिर २७ गते शुक्रबार, नेपाल संवत् ११४० (Dec. 13, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## नेपाल १४७ औं स्थानमा

काठमाडौं । मानव विकास सूचकांकमा नेपाल १४७ स्थानमा आउन सफल भएको छ । नेपाल गत वर्षभन्दा दुई स्थान माथि उक्लन सफल भएको हो । गत वर्ष नेपाल १४९ औं स्थानमा रहेको थियो भने यसको अघिल्लो वर्ष १४८ औं स्थानमा रहेको थियो ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युयनडीपी) ले हालै सार्वजनिक गरेको विश्व मानव विकास प्रतिवेदनले नेपालले बर्सेनि आफ्नो अवस्था सुधार गर्दै लगेको औंल्याएको छ । प्रतिवेदन २०१९ अनुसार नेपालयको स्थिति अफ्रिकी मुलुक बाँकी ८ पेजमा

## प्यारातालमा भारतीय नजर

धनगढी । कञ्चनपुरको प्यारातालमा भारतीय गिद्दे नजर परेपछि अझै सीमा विवाद टुंगिएको छैन । २०६१/६२ सालमा आएको नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले प्याराताल भारततिर पार्ने गरी सीमा स्तम्भ गाढेको थियो ।

कैलाली र कञ्चनपुरको भारतसँगको सिमानाको अधिकांश भाग दुधवा नेसनल पार्कसँग जोडिएको छ । 'प्याराताल दुधवा नेसनल पार्कका जंगली जनावरका लागि पानीको मुख्य मुहान हो । त्यसैले भारतले यसतर्फ आँखा गाढेको हो ।

# सार्क 'कोमा' मा, जिम्मेवार भारत

काठमाडौं । दक्षिण एसियाली क्षेत्रीय संगठन (सार्क) गठन भएको साढे तीन दशक पुग्दा पनि अपेक्षाअनुसार सार्थक ठहरिन सकेन । उन्नाइसौं शिखर सम्मेलन कहिले हुने हो अन्यौल नै छ । सार्क सफल हुन नसक्नुमा विशेषतः भारतको भूमिका जिम्मेवार रहेको छ । युरोपेली युनियन (इयु) र दक्षिणपूर्वी मुलुकका संगठन आसियन सफल देखिन्छन् । तर भारत र पाकिस्तानबीचको शत्रुतापूर्ण व्यवहारको असर सिधै सार्कमा परेको छ । भारत पाकिस्तानबिनाको बिम्स्टेकलाई महत्व दिइरहेको छ । सार्कमा पाकिस्तान भएकै कारण भारतले सार्कलाई 'कोमा' मा पुऱ्याएको छ । सहकार्यका निम्ति सार्क देशबीच असमझदारी निरन्तर छ । सार्क सचिवालयका महासचिव अमजद हुसेन बी सियाल शिखर सम्मेलन नै नगरी बिदा हुँदैछन् । उनको तीनवर्षे कार्यकालमा अनौपचारिक विदेशमन्त्री स्तरीय बैठक न्युयोर्कमा भयो तर भारत र पाकिस्तानका विदेशमन्त्रीहरु एकसाथ सहभागी भएनन् ।

दक्षिण एसिया संसारकै सबैभन्दा न्यून एकीकृत भूभाग भनी 'दि इकोनोमिस्ट' ले सात वर्षअघि घोषणा गरेको थियो । भारत वरपरका मुलुकहरु भारतको कुल आयातको ०.५ प्रतिशत हिस्सामात्रै रहेको भन्दै कसरी सहकार्य हुने ? आँकलन व्याख्या गरेको थियो । भारतीय कुल निर्यातको चार प्रतिशत मात्रै छिमेकीबाट हुने गर्छ । भारत र पाकिस्तानबीचको व्यापार पनि तीन अर्ब डलरभन्दा कम छ । जबकि दुई मुलुकबीचको जनसंख्याको आधारमा हेर्दा न्यून हो ।

यसले सार्कलाई असान्दर्भिक भएको देखाउँछ । कार्यान्वयनमा नआउने घोषणापत्रका कारण पनि सार्कप्रति चासो कम हुँदै गएको छ । खुला व्यापारको उद्देश्य राख्ने साफ्टा घोषणा भएको दशक पूरा हुँदा पनि सदस्य मुलुकहरुबीचको निर्यात तीन अर्ब अमेरिकी डलर हाराहारी मात्र हुनु दुःखद विषय हो । कहिले भारत पाकिस्तान द्वन्द्व त कहिले सदस्य मुलुकभित्रको प्रतिकूल घरेलु राजनीति कारण देखाएर ३५ वर्षमा १८ सम्मेलन मात्र भए । पाँच वर्षअघि नेपालमा भएको अठारौं शिखर सम्मेलनले त्यसलाई विधिवत रुपमा दुई वर्षमा एकपटक सम्मेलन गर्ने निर्णय गऱ्यो । तर यो पनि व्यवहारमा आएन । कर्मचारी स्तरबाट सञ्चालन भइरहेको सार्क झनै अनावश्यक बन्दै गएको छ । सचिवालय आराम गर्ने र भत्ता खाने थलो भएको छ । सार्क र आसियन जोड्ने भन्दै भारतले बिम्स्टेक अघि बढाएको छ । समुद्री सीमामा कटुता भए पनि आसियानमा खुला व्यापारको अवधारणा प्रभावकारी छ । पुरानो

**सार्क गठनको ३५ वर्ष**

संगठन इयुले साझा मुद्रा अँगालिसकेको छ । तर सार्क राष्ट्रबीच साझा मुद्रा चल्न सकेको छैन । क्षेत्रीय सडक, रेल समुद्री तथा हवाई मार्ग पहिचान गर्दै त्यसलाई एक अर्कामा जोड्न समेत सार्क असफल रहेको छ । सार्क राष्ट्रहरुबीच चरम अविश्वास रहेका कारण सार्कको भविष्यमा खग्रास ग्रहण लाग्दै गएको छ ।

सार्क स्थापनाको उद्देश्य यस क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सामूहिक प्रयास गर्ने, सदस्य मुलुकको सामूहिक अस्तित्व सुदृढ बनाउने, पारस्परिक विश्वास, समझदारी र सहयोगको भावना अभिवृद्धि गर्ने, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र वैज्ञानिक क्षेत्रमा सहकार्य गर्ने, अन्य विकासोन्मुख मुलुकसँगको सम्बन्ध सुदृढ बनाउने तथा यस्तै उद्देश्यका साथ स्थापित अन्य अन्तरर्ाष्ट्रिय र क्षेत्रीय संगठनसँग सहकार्य गर्दै यस क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउने हुन् । यसका लागि कृषि, शिक्षा, स्वास्थ्य, संस्कृति, जनसंख्या, बालकल्याण, ग्रामीण विकास, पर्यटन, यातायात प्रविधि लगायत सहयोगका विभिन्न क्षेत्र तोकिएका छन् । सहयोगका विभिन्न क्षेत्रको पहिचान र विभिन्न केन्द्रको स्थापना गरिएको छ । समय समयमा आयोजना हुने शिखर सम्मेलनमा यिनै विषयमा छलफल गर्ने र संगठनलाई नयाँ गति दिने प्रतिबद्धता दोहोऱ्याएर पनि व्यवहारमा भने शून्यप्रायः छ । सार्क, विविधतायुक्त भौगोलिक बनोट तथा धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिले सम्पन्न मुलुकको संगठन हो । भूपरिवेष्ठित नेपाल, भुटान र अफगानिस्तान तथा जलपरिवेष्ठित र टापु मुलुक श्रीलंका र माल्दिभ्स लगायत छन् । प्रचुर सम्भावनाको क्षेत्र भए पनि अपेक्षित रुपमा समृद्ध हुन नसकेको क्षेत्र पनि हो ।

गरिबी र आतंकवाद यस क्षेत्रका साझा समस्या हुन् । विश्वको एक चौथाइ जनसंख्या ओगटेको यस क्षेत्रमा रहेका यिनै समस्याविरुद्ध एक भई लाग्ने प्रतिबद्धता जनाइने गरे पनि सोअनुरुप निरन्तर प्रयासको अभाव रहेको छ । संगठनको उद्देश्य र शिखर सम्मेलनमा जनाइने प्रतिबद्धता औपचारिकतामा सीमित हुन पुगेको छ । सार्कको बडापत्रमा सार्क सम्मेलनमा सदस्य मुलुकबीच द्विपक्षीय मुद्दा उठाउन नपाइने व्यवस्था रहेको छ । सोही कारण सदस्य राष्ट्रबीचका विवादका विषयमा यस मञ्चमा छलफल हुँदैन । जबसम्म आणाविक शक्ति सम्पन्न राष्ट्रहरु भारत र पाकिस्तानबीच सम्बन्ध सुमधुर हुँदैन, तबसम्म सार्कले गतिलिन नसक्ने निश्चितप्रायः छ । उरी घटनापछि भारत, पाकबीच उत्पन्न तनाव पछिल्लो समयमा पाकिस्तान अधिनस्थ आजाद कस्मिरलाई भारतले आफ्नो राजनीतिक नक्सामा समावेश गरेपछि शत्रुमा परिणत भएको छ । जम्मु कास्मिरलाई दिइएको विशेष राज्यको सुविधा खारेज गर्दै मोदी सरकारले जम्मु कस्मिर र लद्दाखलाई केन्द्र मातहतमा राखेपछि पाकिस्तानले भारतविरुद्ध अन्तर्राष्ट्रिय लबिङ गरिरहेको छ । भारतले पछिल्लो समय सार्कलाई हेर्ने दृष्टिकोणमै फरक छ । आफ्नो स्वार्थ प्रभावित नहुने देखेपछि भारतले सार्कलाई बिसर्जनको संघारमा पुऱ्याएको छ । मोदीले शपथ ग्रहण आमन्त्रण गरेदेखि नै सार्कको भविष्य नरहेको बाँकी ८ पेजमा

## छाउपडीको दर्दनाक व्यथा

**गोविन्द विश्वकर्मा**

सामाजिक अभियान्ता तथा जनप्रतिनिधिहरु नै छाउगोठ मान्ने गरेको समाचारले एकदम दुःख लाग्यो । छाउ बार्ने क्रममा मृत्यु भएका महिला तथा किशोरीहरुका समाचारहरु शृङखलित रुपमा बाहिर आइरहेका छन । सांसदहरुले नै छाउपडीको पिडा भोग्नु परेको समाचारले त झन एकाइसौं सताब्दीको आधुनिक समाजमाथी नै प्रश्न तेर्सिएको छ की के महिला तथा किशोरीहरुले कुप्रथाको ज्यादती सहनु नै पर्ने हो र ? किशोरी तथा महिलाहरुको मृत्यु छाउगोठका कारणले भएको खबर कहिलेसम्म प्रकाशन गर्ने हो ? बझाङ, आछाम जस्ता जिल्लामा यो छाउप्रथाको अन्त्य हुन नसक्नुको कारण मध्ये एउटा कारण त्यहाका नेता, अभियान्ता र शिक्षित वर्गले नै यो कुप्रथालाई त्याग्न नसकेको देखिन्छ ।

देशको व्यवस्था त परिवर्तन भयो भने एउटा समाज बाँकी ८ पेजमा

## किमको सम्झनामा श्रद्धाञ्जली सभा







काठमाडौं । प्रजग कोरियाका दिवंगत महासचिव तथा सस्थापक राष्ट्रपति किम इल सुङका छोरा किम जोङ इलको आठौं श्रद्धाञ्जली सभा नेकपा (माले) को केन्द्रीय कार्यालय रातोपुलमा गत बुधवार सम्पन्न भयो । महासचिव सीपी मैनालीको अध्यक्षता तथा नेपालका लागि प्रजग कोरियाका महामहिम राजदुत जो योङ मानको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम संचालन भएका थियो । बाँकी ८ पेजमा

## मालेमा प्रवेशको लहर



काठमाडौं । गत मंसिर २२ गते कैलाली जिल्ला घोडाघोडी नगरपालिका क्षेत्रमा भएको नेकपा मालेको प्रदेश कमिटी र क्षेत्रीय चुनाव कमिटीको संयुक्त बैठकको अवसरमा नेपाली कांग्रेस र सत्तारुढ नेकपा परित्याग गरी भीमबहादुर खत्री, हर्षबहादुर रोकाया, गमबहादुर साउद, नैना चौधरी, पवित्रा डगौरा, कमला कुँवर, बाँकी ८ पेजमा

## समुदायमा परिचयात्मक कार्यक्रम




काठमाडौं । बाल विकास समाजद्वारा काभ्रे जिल्लामा चार समूह र कैलाली जिल्लामा दुई समूह गरी जम्मा ६ समूहको स्वरोजगार शिक्षा कार्यक्रम अन्तर्गतको सामुदायिक परिचयात्मक कार्यक्रम सम्पन्न भयो । उक्त दुवै कार्यक्रम बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालको उपस्थितिमा भएको थियो । बाँकी ८ पेजमा

## नेपालको स्वीकृतिबिनै सीमामा सडक

काठमाडौं । नेपालको स्वीकृतिबिनै भारतले रूपन्देहीको रोहिणी गाउँपालिका-६ बरोवास्थित सीमा क्षेत्र नजिकै एकतर्फी रूपमा सडक निर्माण थालेको छ। वर्षायाममा नेपाली भूभाग डुबान हुने गरी भारत उत्तर प्रदेश सरकारको 'लोक निर्माण विभाग' ले मंसिर १७ देखि दसगजाबाट डेढ सय मिटरभित्र 'इन्डो-नेपाल बोर्डर रोड' बनाउँदै छ।

भारतले नेपालका प्रशासनिक निकाय र जनप्रतिनिधिलाई जानकारी नै नगराई 'भारतीय प्रधानमन्त्री सडक परियोजना' अन्तर्गत चार लेनको सडक बनाउन लागेको हो। नवलपरासी र रूपन्देहीको सिमाना माहुखोलादेखि पश्चिमतर्फ दसगजाको करिब चार किलोमिटर लम्बाइको सडक संरचनाको काम धमाधम भइरहेको छ।

नदीनालाको प्राकृतिक बहावलाई असर पुग्ने र दसगजाबाट मानवीय एवं प्राकृतिक रूपले असर पुग्ने दुवैतिर ८-८ किमि दूरीभित्र भौतिक संरचना बनाउँदा एकअर्का मुलुकको सहमति चाहिने अन्तर्राष्ट्रिय कानुनहरूमा उल्लेख छ । रोहिणीबाट भारततर्फ उत्तर प्रदेशको महाराजगन्जस्थित सेउतरी १, ८ र ९ वडा, मुजहना-१ मजादपुर र झिन्टी क्षेत्रमा सडक निर्माण भइरहेको छ।

सडक बने वर्षायाममा रोहिणी गाउँपालिकाका केही भूभाग डुबानमा पर्ने जोखिम रहेको गृह मन्त्रालयले जनाएको छ। त्यसलाई रोक्ने गरी आवश्यक कूटनीतिक पहल थाल्न गृहले परराष्ट्र मन्त्रालयलाई परिपत्रसमेत गरेको छ। 'रूपन्देही जिल्लाको रोहिणी गाउँपालिका ६ बरवास्थित नेपाल-भारत सीमाबाट १५० देखि २०० मिटर दक्षिणतर्फ भारतको महाराजगन्ज रेहेराअहिरौली तथा भगवानपुर इलाकामा सीमाको समानान्तर हुने गरी ०७६ मंसिर १७ देखि 'इन्डो-नेपाल बोर्डर रोड' नामक सडक निर्माण भइरहेको छ,' गृहले परराष्ट्रलाई पठाएको पत्रमा भनिएको छ, 'उक्त निर्माण कार्य रोक्न तहाँ मन्त्रालयबाट सम्बन्धित निकायमा पत्राचार हुन नेपाल सरकार (सचिवस्तर) को ०७६ मंसिर २२ गतेको निर्णयअनुसार अनुरोध छ।'

रोहिणी गाउँपालिकाका अध्यक्ष सनोजकुमार यादवका अनुसार भारतीय पक्षबाट सीमावर्ती क्षेत्रका बासिन्दाको समेत राय लिइएको छैन । भारतले गाउँबस्ती छाडेर खाली ठाउँमा सडक बनाउन 'कटिङ' र 'फिलिङ'को काम गरिरहेको छ। सडक पर्ने जग्गा अधिग्रहणका लागि भारतले मुआब्जा दिन थालेको छ। रूपन्देहीको सीमा क्षेत्रबाट मात्रै नभई नवलपरासीको ठुटिबारी इलाकाबाट पनि भारतले सडक निर्माण गर्दै छ।

'यो भारत सरकारको पुरानै केन्द्रीय योजना हो,' एससएसबीका एक अधिकारीले भने, 'यो सडक निर्माणको पछाडि भारत सरकारको ठूलो उद्देश्य छ। बिनाकारण सडक निर्माण गर्न खोजेको बाँकी ८ पेजमा

## सीमा विवाद टुंग्याउन राष्ट्रसंघलाई आह्वान

काठमाडौं । ग्लोबल पोलिसी फोरम नेपालले कालापानीलगायत क्षेत्रबारे नेपाल तथा भारतबीच उत्पन्न सीमा विवाद अनुगमन गरी तनाव अन्त्यका लागि पहल गर्न संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लाई आह्वान गरेको छ ।

युकेमा मुख्यालय रहेको फोरमले एक विज्ञप्ति प्रकाशित गर्दै लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्र आफ्नो सीमाभित्र देखाउने नक्सा प्रकाशित गरेर भारतले आक्रामक स्वरुप प्रस्तुत गरेको ठहर समेत गरेको छ । ती क्षेत्रको अवस्थिति स्वतन्त्र नेपाल तथा तत्कालीन औपनिवेशिक भारतबीच सन् १८१६ मा सम्पन्न सुगौली सन्धिबाट निक्यौंल भइसकेको हो, फोरमले भनेको छ 'नेपाल तथा भारतबीच त्यसपछि भएका सन्धिहरुले सुगौली सन्धिद्वारा निर्धारित सीमालाई मान्यता दिँदै आएका छन् । त्यसैले नेपालसँग सम्पर्क नगरीकन बाँकी ८ पेजमा

## दुताबासलाई विरोधपत्र

काठमाडौं । कालापानी र लिपुलेक अंकित भारतीय नक्सा खारेजीको माग गर्दै नेपाल मजदुर किसान पार्टीले भारतीय दुतावासमा विरोधपत्र बुझाएको छ । भारतले नेपाली भूमि अतिक्रमण गरेको विरोधमा पार्टीले जिल्ला र क्षेत्रीय स्तर हुँदै काठमाडौं उपत्यकामा प्रदर्शन र धर्नापछि विरोधपत्र बुझाएको केन्द्रीय सदस्य सरेन्द्रराज गोसाईंले बताए ।

नेमकिपाले बुझाएको विरोधपत्रमा भारतले नेपाली भूमिप्रति गरेको बलमिचाइँको कारण दुई देशबीचको सम्बन्धमा गतिरोध उत्पन्न भएको उल्लेख छ ।

नेमकिपाले अतिक्रमित भूमि तत्काल फिर्ता दिन समेत माग गरेको छ । नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालले ज्ञापनपत्र बुझाउँदै नेपाल र बेलायत भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धिअनुसार महाकाली नदीको उद्गमस्थल लिम्पियाधुरादेखि पश्चिमसम्मको भाग नेपालकै भएको धारणा राखे । बाँकी ८ पेजमा

**समय सन्दर्भ**

## सैनिकको कर्तव्य-२

■ शिवप्रसाद दाहाल



यता भौगर्मिक सम्पदाहरुमा योजना वद्ध रुपवाट युद्ध स्तरमा नेपालले अनुसन्धान नगरेपनी जमीन, जल, जङ्गल, जडिबुटी बाहेक ग्यास, पेट्रोलियम पदार्थ, कोइला, लिग्नाइट, नुन, एसवेस्टस, फेल्डास्पडर, वसाइट, विदराइट, ग्रेफाइट चुनढुङ्गा, म्याग्नेसाइट, अभ्रक, पाइराइट, खरीढुंगा, सैगमरमर, स्लेट, वेरिलियम, सुन, ताँवो, कोवाल्ट, फलाम, शिशा, भानाडियम, टिन एवं अन्य असंख्य इणत अइणत अमूल्य र बहुमूल्य भौगर्मिक सम्पदा यश नेपाल भूमिमा विधमान छ, यहाँ खाचो छ सीप, जागर, राष्ट्रप्रेम, राष्ट्रियता, ज्ञान, विज्ञान, डाक्टर, इन्जिनियर, भूगर्भविद, कृषिविद वा इज्रायल, जापान अथवा लिक्वान युजस्ले सिङ्गापुरलाई स्वर्ग तुल्री गराए त्यस्ता सुयोग्य शासकको आवश्यकता छ । परन्तु नेपालमा उल्टो भएको छ ।

विश्वको दोश्रो धनी जलसम्पदा भएको नेपालमा जनताले पानी पिउन पाउदैनन्, बैरिको देशमा आफ्नु देशलाइ तहसनहस गरेर पानी जान्छ, तर खेती योज्यजमिन पानीको अभावले मरुभूमि जस्तो भएको छ । आफ्नै देशमा युवायुवतिहरु पर्याप्तनभै विदेशी कामदारको माग गर्नुपर्ने स्थिति थियो जहाँ विविध खानिहरुको अनुसन्धान, उत्खनन आदि इत्यादिका लागि । परन्तु खाडी अरब देशका मरुभूमिमा गधा, उट जोत्न, भेडाबाखाको चार्वाही गर्न । कस्तो विडम्वना ! कस्तो शर्मको कुरा ।

भुअपरिवष्ठित देशहरुलाइ झै आत्मनिर्भर हुन प्रकृतिले हामिलाइ सबै थोक दिएकी छन् । हामीलाई खाचो छ त खाली योग्य शासकको । सिङ्गापुरका लिक्वान पु जस्ता नेताको । जापान इज्राएली देशहरुले जस्तो हामिले गरेमा आणविक क्षेत्र वाहेक सवथोकका सम्पन्न हुन्छौ । मुख्यकुरा हो, खान र लाउन । त्यसकालागी जमिन, जलर जङ्गल यिसवैथोक छन् ।सप्तकोसीको पानी सुनकोशी को दुम्जा या खुर्कोट चियावारियो भन्दा पुर्व पनिसके दुई नसके एकठाउमा सुरुङ्गनहर बनाइ पश्चिम दक्षिण का भित्री मधेस र तराइमा सर्वत्रसिंचाइ हुने व्यवस्था गरि वडि से वडि पानी नेपालमै खपत गर्ने र पश्चिमका महाकाली, सेती, भेरी, कर्णाली आदि नदीको पानी महाभारत र यसका समकक्षी पहाड, चुरे पहाडमा पनि सुरङ्गे नहर यत्रतत्र सर्वत्र बनाइसकेसम्म बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक: तेजेन्द्र प्रसाईं
प्रबन्ध सम्पादक: कृष्णराज दुलाल
प्रबन्ध निर्देशक: किरण थापा
अतिथि सम्पादक: विष्णु भट्टराई
सहसम्पादक: घनश्याम ओली
बजार व्यवस्थापन: रामशरण रिमाल
सम्पादन सहयोगी : गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सागमा प्रदर्शित राष्ट्रिय एकता

दक्षिण एसियाली मुलुकहरूको साझा मञ्च सार्कअन्तर्गतको खेलकुद प्रतियोगिता सागको तेह्रौं संस्करण नेपालमा भव्य रूपमा सम्पन्न भएको छ । व्यवस्थापकीय क्षेत्रका केही कमीकमजोरीको चर्चा परिचर्चा भए तापनि सागको सफल आयोजनाले नेपाल र नेपालीको शिर उच्च बनाएको छ । नेपालले सन् २०१६ मै साग आयोजना गर्ने जिम्मेवारी प्राप्त गरेको थियो । बेलैमा तयारी थालेको भए अहिलेको जस्तो अस्तव्यस्त ढंगको तयारी गर्नुपर्ने थिएन । भूकम्पले जर्जर भएको एकमात्र अन्तर्राष्ट्रिय स्तरको रंगशालालाई पुनर्निर्माण नगरी यत्रो ठूलो खेलकुद प्रतियोगिताको आयोजना सम्भव थिएन । अहिले सम्पन्न भएको साग खेलकुदबाट भविष्यका लागि समेत जिम्मेवार पक्षले शिक्षा लिनैपर्ने हुन्छ ।

अत्यन्तै उल्लासमय ढंगले उद्घाटन भएको खेलकुद प्रतियोगितामा नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका छन् । सीमित स्रोत, साधन र थुप्रै अभाव झेल्दै प्रशिक्षणमा उत्रिएका खेलाडीहरूले खेलको मैदानमा पाएको सफतालाई चानचुने ढंगले आँक्न मिल्दैन । नेपाली खेलाडीले ५१ स्वर्ण, ६० रगत र ९५ कास्य गरी दुई सय ६ वटा पदक प्राप्त गरेका छन् । खेलाडीहरूको अथक परिश्रम, लगनशीलता, आत्मविश्वास र प्रशिक्षकहरूको लगावका कारण यो सफलता प्राप्त भएको हो । सागले सिंगो राष्ट्र मात्र नभएर विश्वभर छरिएर रहेका नेपालीलाई एक ढिक्का बनाएर राष्ट्रिय भावना जागृत गराएको छ । सामाजिक सञ्जालहरूमा व्यक्त भएका प्रतिक्रिया, नेपाली खेलाडीले विजय प्राप्त गरेका खेलका भिडियो क्लिपहरू शेयर गरेर छरिएर रहेका नेपालीले देखाएको ऐक्यबद्धतालाई प्रशंसा गर्नैपर्ने हुन्छ ।


सागमा नेपालले विश्वभर लोकप्रिय मानिएको फुटबलको उपाधि उचालेको छ । रंगशालामा भरिएका नेपाली दर्शक, टेलिभिजनको पर्दा र अनलाइनमा हेर्ने लाखौं दर्शकको मनमा खेलाडीले उत्साह भरिदिएका छन् । गौरिकाले पौडीमा पाएको सफलता होस् या अञ्जली चन्दले क्रिकेटमा कायम राखेको दुर्लभ रेकर्डले सबैको ध्यान तानेको छ । ट्रायथलन, साइकिलिङ, म्याराथन, बक्सिङ, मार्सल आर्ट अन्तर्गतका सबै विधाहरूमा नेपाली खेलाडीहरूको दबदबा कायमै रह्यो । सबै प्रतियोगितामा खेलाडीले आफ्नो अभूतपूर्व क्षमता देखाएकोमा खेलाडीहरू बधाईका पात्र बनेका छन् ।

प्रधानमन्त्री केपी ओलीले १३ औं सागका पदक विजेता खेलाडीहरूलाई सम्मान गर्न सरकारको तर्फबाट नगद पुरस्कार घोषणा गरेका छन् । ३ लाखदेखि ११ लाख रूपैयाँसम्मको पुरस्कार घोषणाले खेलाडीलाई पक्कै पनि उत्साही बनाएको हुनुपर्छ । यसैगरी ३ नम्बर प्रदेश सरकारले पनि यसअघि नै पुरस्कारको घोषणा गरेको छ । राष्ट्रका गहनाका रूपमा रहेका खेलाडीको पसिना नसुक्दै नगद पुरस्कार प्रदान गरिनुपर्छ । विगतमा जस्तो घोषित पुरस्कार प्रदान गर्न लामो समय लगाउनाले खेलाडीमा उत्साहको कमी आउनेछ । यसैगरी खेलाडीहरूलाई उचित ढंगको जीवन यापन गर्ने सुविधा राष्ट्रले प्रदान गर्नुपर्छ । खेलकुदको विकासले राष्ट्रको गरिमा वृद्धि गराउने भएकाले आआफ्नो ठाउँबाट सबैले सहयोग पुऱ्याउन आवश्यक छ ।

# सरकार भ्रष्ट, जनता अचेतन, मुलुक बर्बादीतिर



**सुरेन्द्र ढकाल**




ट्रान्सपरेन्सी इन्टरनेसनले यही डिसेम्बर २०१९ मा सन् २०१८ को सबैभन्दा बढी भ्रष्ट मुलुक कुन कुन हुन् भनेर त्यसको नामावली प्रकाशन गरेको छ । यस सूचीअनुसार थोरै अंक पाउने देशमा कम भ्रष्टाचार र धेरै अंक पाउने देशमा बढी भ्रष्टाचार हुने मानिन्छ । १८० भ्रष्ट राष्ट्रहरुको नामावली प्रकाशन भएकोमा नेपाल १२४औ राष्ट्रमा परेको छ । यो भनेको सन २०१७ को १२२ औं स्थितिबाट झन् भ्रष्टाचार बढेर १२४औ मा नेपाल पुग्न गएको हो । सन २००४ मा १२७ औं स्थानमा रहेको नेपालको २०१२ मा ११६ औ स्थान थियो ।

नेता, कर्मचारी, ब्यापारी व्यवसायीहरुबाट हुने भ्रष्टाचारको तथ्यहरुको विश्लेषण गरी ट्रान्सपरेन्सी इन्टर नेसनलले हरेक वर्ष यस्तो नामावली प्रकाशन गर्ने गरेको छ । यस नामावलीअनुसार सबैभन्दा कम भ्रष्टाचार हुने देशमा डेनमार्क र सबैभन्दा बढी भ्रष्टाचार हुने देशमा सोमालिया परेको छ । नेपालका छिमेकी दक्षिण एसियाका अरु देश हुने भ्रष्टाचारको अवस्था हेर्दा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भुटान जुन २५औं स्थानमा छ भने त्यसपछि भारत ७८औं स्थानमा, श्रीलंका ८९औं स्थानमा, पाकिस्तान ११७औं स्थानमा, मालदिभ्स नेपाल जस्तै १२४औं स्थानमा, बंगलादेश १४९औं स्थानमा र सबैभन्दा बढी भ्रष्टाचार हुने देश अफगानिस्तान १७२ औं स्थानमा रहेको छ ।

नेपालमा भ्रष्टाचार हुनुको मुख्य कारण भ्रष्टाचारप्रति जनता आक्रामक नहुनु र भ्रष्टहरुलाई बारम्बार हुने निर्वाचनमा निर्वाचित गरी सदन अनि सरकारमा पुऱ्याउने कार्य मतदाताहरुबाट हुनुले गर्दा पनि हो । निर्वाचनमा अथाह धन खर्च गरी तीन म (मतदाता, मसल र मिडिया) किनेर चुनाव जित्ने नेताले सत्तामा आएपछि गर्ने भनेको कुरा नै सबैभन्दा पहिले चुनावमा भएको खर्च उठाउनु हो जुन सांसद वा मन्त्रीको तलव भत्ताबाट बचाएर सम्भव हुनै सक्तैन । यसैकारण पनि ऊ सोझै भ्रष्ट हुन जान्छ ।

नेताले गर्ने भ्रष्टाचार भनेको कर्मचारीमार्फत हुने हुनाले नेताको भ्रष्टाचारीमा कर्मचारीको सोझो संलग्नता हुने गर्दछ । यी नेता, कर्मचारीहरुले भ्रष्टाचार गरी असुल्ने भनेको ब्यापारी र सेवाग्राहीहरुबाट हो । ब्यापारीहरुले त नेतालाई दिएको घूस कालोबजारी कृत्रिम मूल्य वृद्धि गरेर उठाइ हाल्छन । सेवाग्राही भनेका जनता हुन्, उनीहरुले घूस नदिने, भ्रष्टाचार र महँगीको विरुद्ध आक्रामक भएर जाइलाग्ने हो भने सम्पूर्ण राजनीति, प्रशासन, आर्थिक तथा सामाजिक ब्यवस्थापन भ्रष्टाचाररहित हुन पुग्दथ्यो । तर विडम्वना नेपालमा जसरी भए पनि पैसा कमाउनेहरुको सामाजिक प्रतिष्ठा हुने र यसरी सामाजिक प्रतिष्ठा दिने काम जनताबाटै हुने कारण नेपाल भ्रष्टाचारको दुष्चक्रमा जाकिएको छ । यसै कारण यहाँ हरेक पटक विमान खरिद गर्दा अरबौंको घोटाला हुन्छ, दोषीले दण्ड पाउनु त परै जावस ऊ त झन् जनताबाट निर्वाचित भएर सांसद हुँदै मन्त्री बन्न पुग्छ ।


सारा जगतलाई थाहा छ मन्त्रीको तलबले मन्त्रीको हैसियतमा बसेर गास, वास र कपासको मात्रै जोहो गर्न पुग्छ भनेर । जब त्यही मन्त्रीले आफ्नो कार्यकालको ६ महिना पनि नाघ्न नपाउँदै काठमाडौंमा घर, जग्गा, गाडी, शान सौकत र सात पुस्तालाई पुग्ने सम्पत्ति जोडन सकिसकेको हुन्छ र उसले त्यसो गर्दा अख्तियार, सम्पति शुद्धीकरण विभाग अनि राष्ट्रिय सचेतना केन्द्र दर्शकमात्रै भएर नबसी त्यही नेताको भ्रष्टाचारमा संलग्न हुन पुग्छन् भने अनि नेपालको भ्रष्टाचार घट्ने कुरा पनि त भएन नि ।

अख्तियारको पूर्व प्रमुखले नै अकुत सम्पत्ति जोडेर ससम्म्मान निवृत हुने देश नेपाल हो । गरिब जनताले एक छाक राम्ररी मासु भात खान पाए भने मत दिइहाल्छन्, त्यही मतको दुरुपयोग गरेर चुनाव जितिने राजनीतिक ब्यवस्था भएपछि खोई कहाँबाट होला यो देशमा भ्रष्टाचारको उन्मूलन ।

हिजो ४६ सालअगाडि पञ्च नेताहरुले भ्रष्टाचार गर्थे । प्रजातन्त्र आएपछि उनीहरुलाई भ्रष्टाचारमा कांग्रेसी नेताहरुले पछाडि पारे, एमालेहरु त्यसपछि सत्तामा आए । उनीहरुले कांग्रेसीहरुलाई भ्रष्टाचार गर्ने कुरामा झनै पछाडि पारिदिए । फेरि १२औं वर्ष जनयुद्धमा होमिइ सत्तामा माओवादी आयो, ऊ त झन् भ्रष्टाचारमा अब्बल ठहरियो । जनयुद्धताका नुन र चिउरा खाएका च्यांग्रे नेताहरु हृष्टपुष्ट र नव सभ्रान्त बन्न पुगे ।

नेता, कार्यकर्ता हुँदै भ्रष्टाचार मतदातासम्म पुगेको छ । अर्कोतिर मन्त्री, कर्मचारी र ठेकेदार हुँदै भ्रष्टाचार ब्याप्त भएको कारण एउटा जावो मेलम्ची आयोजना सम्पन्न गर्न ३० वर्षभन्दा बढी समय कुर्नुपर्ने भइसक्यो । जो जो वाइडबडी काण्ड, सुनकाण्ड, एनसेलकाण्डका मतियारहरु हुन्, उनीहरुले उपचुनाव जितिसके भने पछि अब यो मुलुक बबार्दीतिर गएको छ कि छैन ? यसको जवाफ दिने कसले ?

# महिलाकै चासो आवश्यक (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

नारी जाति आफ्नै भाग्य र कर्ममा लीन भएकै देखिन्छ तर पनि के पुगेन के पुगेन भनी हुटहुटी चाहिँ उनैमा बढी देखिन्छ । असन्तोषको मात्रा पनि कम भएको देखिएन र पूर्णता भएन । नेपालकै इतिहासले पनि यसै भन्छ । धनले कम भएर हो कि भनी 'दाइ तिमी अंशको धनी' गीत पनि गाउँछन् । यो त सत्ताको, ऐनको र बाबुको सम्पत्ति भए त हुने हो अस्थायी नै हो । संसारै नारीको काखमा हुर्कन्छ भने नारी कसरी कम भई ? शास्त्रले पनि नारीलाई अर्थात् आमालाई ठूलै मानेकै छ ।

यी छोराछोरी हुर्काउने महिला नै हुन् भन्ने सम्झन सके पनि यी सुखैसँग बाँच्दा हुन् । आफूलाई आफैंले हेय सम्झँदैमा एउटी नारीको जुनी बित्छ । यसैले उनीहरु महिला हुनै पाएनन् । यो कसले गऱ्यो ? अवश्य वर्तमान शिक्षाको पनि यसमा दोष छ नत्र शिक्षित नारीहरु दुःखी मन भएका नहुनुपर्ने हो । यी र यस्तै सेरोफेरोमा केही विचार गरौं । अरु कुरा त २०७६-८-६ सम्मका दुई अंकमा लेखिसकिएको छ ।

**(१) नारी र महिला** : नारी सर्वसाधारणलाई र महिला सक्षम तथा समर्थ नारीमुखी नेतृहरुले पदवी लिनु भएमा केही काम विश्वमै हुने थियो कि ? यो पनि प्रयोग बाँकी नै छ । नारीलाई दिइने शिक्षा नै फरक खालको र परिणाम सन्तोषप्रद आउने हुनुपऱ्यो । त्यो काम गरौं भने यही हिमवत खण्ड नेपालले गर्न सक्छ । त्यही कार्यमा आयुर्वेद, शिक्षा शास्त्र जस्ता प्राविधिक विषयमा नारी मात्रले पढ्न पाउने महाविद्यालयहरु खोल्न सकिन्छ । रुचि र क्षमता हेरी अरु प्राविधिक विषयमा यसैगरी उनीहरुको ज्ञानको भोक मेटाउन पाए महिला नेतृहरु अघि सरेर उनीहरुका समस्या आफैं समाधान गर्ने नै थिए ।

**(२) सत्ता र नारी** : हाम्रै इतिहासमा काठमाडौंका राजा जयप्रकाशले आफ्नै नारीबाट दुःख पाए । शाहकाल यस्तै भयो र कोतपर्वमा पनि जंगबहादुरले रानीलाई नै दोष दिए । यी सबै हेर्दा उनीहरु सत्तामा झुत्ती खेल्ने र त्यो सत्ता उनीहरुकै विपरीत हुने इतिहास धेरै छन् । घरघरका कलह पनि यस्तै देखिँदै आएका छन् । नारीकै शिक्षाले यो दोष चिरेर सफा गर्नुपर्ने थियो । त्यो काम विश्वभर गर्न सकेको देखिएन । यो काम महिला नेतृले नगरेर कसले गर्ने ? शिक्षाले त आफैंमा भएको विकृति हटाउनैपर्ने होइन र ? अब पनि बसियो भने पुरानो युगतिरै फर्किन्छ ।

**(३) नारीमा हीन भावना** : आफ्नो हकको र अधिकारको त्याग नै गर्नुपर्छ भन्ने होइन । त्यहाँ पनि सक्दो बढी पाउने लोभ नारीहरुमा देखिन्छ । यसै कुरामा पनि म कमजोर छु भन्ने भावना बढी देखिन्छ । सौन्दर्यको उमेर र चातुर्य समेतले उनीहरु पछि परेको पऱ्यै छन् किनभने छट्टुपना सौन्दर्य तथा धन सबै अस्थायी सम्पत्ति मात्रै हुन् । ज्ञान र बुद्धि मात्र चिरस्थायी वस्तु हुन् । प्रत्येक मानवले झैं एउटी नारीले पनि आफूलाई आफैं परिपूर्ण हैन पूरक मात्र हुँ भन्ने सम्झँदा श्रेयस्कर हुन्छ । वास्तवमा सम्पूर्ण प्राणी जगत जस्तै मानव जोडा स्त्री पुरुष भएरै यो संसार चलेको छ । मानव नारीले आफ्नो जोडाबाट पनि काम लिन जानेकाले अझै बढी बुद्धि पुऱ्याउनैपर्छ । गम्भीर यस्तो कुरामा होस् भएको भए अलपत्र परी अनैतिक धर्ममा लाग्ने सयौं नारीहरु भेटिने नै थिएनन् । जुन दिनसम्म स्थानीय सरकारहरुले र दानी बन्धुहरुले अलपत्र र असहाय नारीलाई सहयोग र भरथेग गर्नुपर्छ त्यस दिनसम्म शिक्षित महिलाहरुले आफ्नो काम सकेको मान्नु कसरी ? महानता नै शिक्षाको उद्देश्य हो । आफ्नै वर्गको सेवा नै महिला नेतृको कर्तव्य हुनुपर्छ ।

**(४) बडप्पन वा घमण्ड** : शिक्षाले, धनले र पदले पनि बडप्पन वा घमण्डमा पर्ने नारी धेरै छन् । छोरासरह छोरीलाई पढाएपछि विभिन्न अवसरहरु त पाउने नै भए अभिभावकहरु पनि पढाएपछि आफैं विवाह गर्छन् भन्नेहरु पनि छोरीको जीवन बर्बादमा केही जिम्मेवार छन् । वास्तवमा यो आफ्नै छोरीप्रति असहयोगी बोली नै हो । यस्ता कुराले बाबुछोरीलाई नै हानी गर्छ । एकातिर मात्र होइन, समस्या धेरैतिर यस्ता छन् । अहिले केही स्थानीय संस्थाहरुले शर्तहरु तोकेर छोरी जन्मनासाथ बैंक खाता खोली प्रत्येक वर्ष महिनामा रकम राख्ने गरिएको पनि बुझिन्छ । यो सकारात्मक नै छ । घरघरमै बढिरहेको बडप्पनले कसैको भलो गर्दैन । शिक्षितैले यस्तो घमण्ड र बडप्पनको भुमरीमा पर्नु त हुँदै भएन । बरु प्रत्येक शिक्षित नारीले म महिला भएँ कि भइँन भनी आफूले आफैंलाई जाँच गरिरहनुपर्छ ।

**(५) नारी हितैषी शिक्षाको अभाव** : जत्तितिर आँखा डुलाए पनि नारी हितैषी शिक्षाको टड्कारो आवश्यकता नै देखिन्छ । उनीहरुको क्षमताको र अभावको परिपूर्ति गर्ने छुट्टै नारी शिक्षा नीति प्रत्येक राज्यमा हुनैपर्ने थियो । उनीहरु प्रयोग मात्र गरिन्छन् । उनका चित्कार सुनिँदैनन् भन्ने त पुरुष र नारीलाई एउटै शिक्षा नीति लागू गरिँदा नै उनीहरु पीडित भएका हुन् भन्नैपर्ने भएको छ । शिक्षित नारीहरु पनि विशेष गरेर खास उनीहरुकै प्रिय नर्सिङ पेसामा पनि नेपालमा काम नपाएर विदेश जानुपर्ने गरी जनशक्ति बढिरहेको देखिएकै छ । यो बेठिक छ । नारीलाई स्वदेशमै कामको अवसर हुनु मात्र राम्रो हो । हाम्रा प्रत्येक विश्वविद्यालयहरुले नारीमुखी शुद्ध शिक्षा कहिले लागू गर्लान्, त्यसको प्रतिक्षा गरौं ।

# दर्शन, विश्वदर्शन–८

■ **सुदर्शन प्रधान**

ब्रह्माण्डको यो सुन्दर ग्रहलाई बचाउन र मानव जातिको यो चहलपहलको सभ्यताहरुलाई जोगाउन निम्न कुराहरुको लागि विश्वव्यापी मानव सागर उर्लेर कार्यसिद्धि गर्नुपर्छ । यसलाई हामी यो युगको युगदर्शन भन्छौं ।

१. मानवजातिको धर्म, राष्ट्र, भाषा, संस्कृति, लिपि, परम्परा, मूल्य मान्यताहरु सबैलाई सम्मान र श्रद्धा गर्दै ती सबैलाई उच्च स्तरले संरक्षण गर्दै संग्रहालयमा राखिनुपर्छ । अनि विश्वव्यापी एकमात्र राष्ट्र, भाषा, धर्म, लिपि, संस्कृतिहरु निर्माण गरिनुपर्छ र आज त्यो पथमा हिँड्नुपर्छ ।

२. एउटा गाई चौपाया पशु हो, भैंसी बाख्राझैं । एउटा सम्प्रदायले गाईलाई भगवान्झैं मान्दा अर्को सम्प्रदायले काटी खाँदा लाखौंको मृत्यु भयो । अझै गाईको विवादले अरु करोडौंको मृत्यु हुने सम्भावना छाइरहेछ । यो बिल्कुल ठीक भएन । गाई माता हो भने भैंसी माता, बाख्रीमाता पनि हो त ! तसर्थ माता बन्ने गाई, भैंसी, बाख्री काट्नेहरुलाई सजाय हुने तर एक वा दुई वर्षसम्म ब्याउन नसक्ने हुन्छ भने सही व्यवस्थापन गर्ने नीति बनाऔं ! तर एउटा पशुको विषयमा मानव समाजमा अशान्ति मच्चिने क्रियाकलाप हुन दिन भएन ।

३. वनजंगल र हिमाल घाँचका स्वतन्त्र जीवनजन्तु र पंक्षीहरुले खोला, नदी र समुद्रका माछा र जलचरहरुले त्यहाँको प्राकृतिक वातावणको सन्तुलन र संरक्षणमा ठूलो भूमिका खेलिरहन्छन् । त्यसको संरक्षणमा उच्च दृष्टि पुऱ्याऔं ।

४. सहरबजारमा १०% मात्र मान्छेहरु रहनुपर्छ र ९०% गाउँमा । 'खेतदेखि पेटसम्म, पेटदेखि खेतसम्म' पर्माकल्चरको सिद्धान्त अक्षरस लागु हुनुपर्छ अन्यथा यो महान् धर्ती बच्ने छैन । सहरमा बस्ने जनशक्ति भनेको प्रकृतिको सुरक्षा र गाउँको ९०% मानिसहरुको चौतर्फी उत्थान, विकास गर्न सक्षम र सबल जनशक्ति मात्र हो ।

५. अमेरिका, रुस, चीन, ब्रिटेन, फ्रान्स, अस्ट्रेलिया, उत्तर कोरिया, भारत, पाकिस्तानहरुसँग शक्तिशाली आणविक हाइड्रोजन बमहरु छन् । जुन सबै बमहरु प्रयोगमा आए भने यो पृथ्वी जस्तो ७५ वटा पृथ्वी विनास मच्चाउन सक्छ । अब त्यो शक्ति अन्तरिक्षबाट पृथ्वीमा खस्न आउने भनौं यहाँ ध्वस्त पार्ने उल्कापातहरुलाई नष्ट गर्न प्रयोग गर्नुपर्छ । बरु ती क्षेप्यास्त्रहरुका नाम राम, कृष्ण, गौतम बुद्ध, वेदव्यास, मुसा, इसु क्राइस्ट, कन्फ्युसियस, ताओ, लाओत्सु, रजनिश, महम्मद शाह, गुरु नानक सिं के राख्ने ?

६. सम्पूर्ण राष्ट्रहरुले हतियारका कारखानाहरु बन्द गर्न पर्छ । सैन्यहरुलाई युद्धहरुमा हैन कि यो मान्छेको जातले समुद्र, नदी, हिमाल, भूमि र अन्तरिक्ष जताततै गरेका प्रदूषणहरु हताउन प्रयोग गर्नुपर्छ । साथै कुनै श्रम नगरी धर्म प्रचार गर्ने सम्पूर्ण सन्त महन्त, भिक्षु, खलिफा, पाश्चर, पादरीहरुलाई पनि ।

७. उन्नाइसौं शताब्दीको मध्यतिर कार्लमार्क्स, एंगेल्सले सर्वहारावर्गलाई युगान्तकारी वर्ग भनेर घोषणा गरे, अघि यो ऐतिहासिक वर्ग पुँजीपति वर्ग थियो । रुस, चीन, पूर्वी, युरोपको मुक्तिपछि र कालान्तरमा सर्वहारावर्ग राज्य नोकरशाही वर्गमा परिणत भयो तर महिलावर्ग चाहिँ सबै खालका क्रान्तिमा भाग लिएर पनि शोषित र पीडित नै रह्यो । संख्यामा पनि ३ अरब ७५ करोड अनि धर्तीको कुनै पनि भूमाग, जाति, धर्म र वर्गमा सबभन्दा उत्पीडित महिला वर्ग भएकोले अब विश्वभरि क्रान्ति र परिवर्तनको बागडोर निरपेक्ष महिलावर्गले गर्नपर्छ ।

यो क्रान्ति मातृसत्तात्मक क्रान्ति नै हो । आदिम साम्यवाद हैन बरु आमाहरुले वैज्ञानिक साम्यवाद स्थापना गर्नेछन् । धर्ती योद्धाहरु यसैको लागि लड्नेछन्, मानव इतिहासभरि शान्ति र सुव्यवस्थाको चिन्तन गर्ने दार्शनिक चिन्तकहरु र रगत बगाएका योद्धाहरुका सपनाहरु यिनै धर्तीयोद्धा (Planet Fiters) हरुले मात्र साकार तुल्याउने छन् ।

# मैले देखेको १२१ औं विश्व सम्पदा

# इटली रेज्जो कालाब्रियाको गाम्बारी


सुरेन्द्र ढकाल




रेज्जो कालाब्रियामा गाम्बारीको अवस्थिति



गाम्बारीमा रहेको इटालीको एकीकरण झल्काउने गैरिवाल्डीको मूर्ति



गाम्बारीको टुप्पामा सुरेन्द्र सन् १९९१ को डिसेम्बरमा



गाम्बारीमा पर्यटकहरु स्की गर्दै

डिसेम्वर १९९१ को पहिलो शनिबार पेन्ती दात्तिलो अवलोकन गरिसकेपछि हामी पुनः प्रशिक्षक प्रशिक्षणमै ब्यस्त भयौं । दोस्रो शनिबार कहाँ जान पाइने होला भन्ने कौतुहलता हामीमा हुनु स्वभाविकै थियो । नभन्दै विश्वविद्यालयले दोस्रो शनिबार त्यही कालाब्रिया क्षेत्रमा रहेको आस्प्रोमोन्ते राष्ट्रिय निकुञ्जभित्र रहेको गाम्बारी अवलोकन गराउन लैजाने समाचारले हामी निकै प्रफुल्ल थियौं र नभन्दै शनिबार बिहानै हामी गाम्बारीतर्फ लाग्यौं ।

**गाम्बारी**

यो क्षेत्र इटलीको कालाब्रियाको मात्र नभई विश्वकै प्राकृतिक छटाले सिगारिएको सुन्दर स्थल मानिँदो रहेछ । हिउँदमा बाक्लै हिमपात हुने कारण यो स्की खेलकुदको लागि युरोपकै प्रख्यात स्थल मानिँदो रहेछ । स्की खेलाडी होस् वा पर्यटक होस् उसलाई रोपवेले गाम्बारी पहाडको टुप्पामा लाँदो रहेछ । स्की गर्नेहरू स्की गर्दै टुप्पाबाट तल झर्दा रहेछन् र अन्य पर्यटकहरू भने त्यही रोपवेबाट तल झर्दा रहेछन् । प्राचीन र मध्यकालमा मलेरियाबाट बच्न ग्रिष्म ऋतुमा अरबीहरू त्यस क्षेत्रमा आउने गर्दा रहेछन् र त्यही संस्कारको विकास हुँदै जाँदा यो स्थल विश्व प्राकृतिक पर्यटकीय सम्पदाभित्र पर्न पुगेको रहेछ ।

हाम्रो विश्वविद्यालय रहेको स्थलबाट केवल ३५ किलोमिटरको दूरीमा रहेको गाम्बारी हामी दश बजेतिरै पुगिसकेका थियौं । १३५० मिटरको उचाइमा रहेको यस पर्वतीय क्षेत्रमा स्की खेल्दै बिदा मनाउन आउने पर्यटकहरूको लर्को नै हुने गर्दो रहेछ भने हाइकिङ गरेर मजा लिनेहरूका लागि पनि स्वर्ग नै मानिँदो रहेछ । एक हजारभन्दा अलि बढी जनसंख्या पनि नरहेको यस क्षेत्रमा इटली राष्ट्रको एकिकरण गर्ने क्रममा सन् १८६० मा आस्प्रोमोन्तेको लडाइँमा एकिकरणका नायक जुसेप्पे गैरिवाल्डी घाइते भई कैदमा परेका रहेछन् ।

उनको त्यस क्षेत्रमा भएको आगमनलाई स्मरण गर्नको लागि भनेर गैरिवाल्डीको स्मारक र उनको सिंहमरमरको मूर्ति पनि ठडाइएको रहेछ । हामी त्यहाँ पुगी एक घण्टा जति बसी हिउँसँग खेल्यौं । आआफ्ना क्यामरामा त्यहाँको सुन्दरतालाई कैद गरी दिउँसोको खाना खाने बेला भएपछि रोपवेबाटै तल पियाच्जा कारमेलो मान्जेरूकामा झर्‍यौं ।

त्यहाँको अर्को विशेषता भनेको त्यहाँ जाने पर्यटकहरूलाई त्यही उत्पादन भएको अंगुरको जुस र वाइनबाट सत्कार गरिँदो रहेछ भने खाना पनि त्यहीको स्थानीय खाना ख्वाइँदो रहेछ । त्यसै क्रममा हामीले पनि अंगुरको वाइनसँगै त्यहाँको स्थानीय खाना बँदेल र भेडाको मासुसहित कासारेच्चो, कापोकोल्लो, च्याउ र गोलभेडा हालेको ताल्लियातेल्ले खायौं । पाँच चरण (कोर्ष) मा गरी खाना दिइँदो रहेछ र खाने काम सक्न झण्डै दुइघण्टा लाग्यो । खाइवरी विश्वविद्यालय फर्कदा दिनको ४ बजेको थियो ।




गाम्बारीमा रोपवे चढी स्की क्षेत्रतर्फ लाग्दै सुरेन्द्र



गाम्बारीमा हिउँसँग रमाउँदै सुरेन्द्र

# २५. हामीहरुको काठमाडौं प्रवेश-२




■ शम्भुराम श्रेष्ठ

चुरेको फेदीमा ५-१० मिनेट पनि नरुकीकन हामीहरु सरासर पत्रैपत्र परेको चुरे डाँडाहरु चढ्दै तिनका उकालीहरु उक्लँदै र ओरालीहरु ओर्लंदै अघि बढ्दै गयौं । अनेकन ससाना खोलानालाहरु तर्दै अघि बढ्यौं । दिउँसो १२ बजेतिर बाटोमा नै एउटा खुबै चलेको पानी घट्टनेर पुग्यौं । मकै पिँधाउन आउने आईमाइहरुको घुइँचो लागेको थियो । घट्टेले घट्टमा बाक्ला बाक्ला मकैका रोटीहरु पोलिरहेको देख्यौं । हामीहरुलाई पनि खान मन लागिहाल्यो । अनि का.सोमबहादुरले 'घट्टेलाई हामीलाई पनि दिनोस्न् चाहिएको पैसा दिउँला ।' 'हुन्छ' भनी भट्टेले हामीहरुलाई एकेक वटा दियो । खाइसकेपछि फेरि अर्को एकेक वटा माग्यौं । रोटी साह्रै मीठो लाग्यो । खाइसकेपछि हामीहरु घट्टैकै छेउमा डेढ घण्टा जति मस्तसँग निदाएछौं । ब्युँझेपछि जिउ एकदमै चंगा भएको अनुभव भयो । अनि आफ्नो बाटो लाग्न थाल्यौं । साँझ नपर्दै हामीहरु मकवानपुर पार्टी जिल्ला कमिटीका सदस्य भक्तबहादुर श्रेष्ठको घरमा पुग्यौं । आफ्नै घरमा पुग्या जस्तो लाग्यो । चिया सिया खायौं । राति कुखुराको मासुसँग पूरै पेट भर्ने गरी भात खायौं । रातभर मस्तसँग सुत्यौं । बिहान सबेरै निद खुल्यो । बिहानको खाना खाइसकेपछि ११ बजेतिर का.भक्तबहादुरको घरबाट हिँड्यौं । महाभारत पर्वतको फेदसम्म का.भक्तबहादुरहरु पनि हामीहरुलाई पुऱ्याउन आए ।

दुई घण्टा जति उकालो लागेपछि मकवानपुरे राजाको दरबार र किल्लाहरु भग्नावशेषको रुपमा रहेको ठाउँमा पुगियो । केही बेर ती ऐतिहासिक महत्वका स्थानहरुको अवलोकन गऱ्यौं र अनि फेरि उकालो लाग्यौं ।

भन्ज्याङ नाघेर डेढ घन्टा जति तेर्सो बाटो हिँडेपछि झमक्क अँध्यारो भयो । अनि त्यहाँनेरै एउटा तामाङको घरमा बास बस्यौं । बिहान उठेर १० मिनेट जति के गएका थियौं गाई गोरु आदि पशुहरु ओहोरदोहोर गर्ने झिनो बाटो पनि एकाएक बिलाएर गयो र हाम्रो सामुन्ने चार हात खुट्टाले टेकेर चढ्नुपर्ने ठाडो उकालो बाटो छेकी उभिएको देखापऱ्यो ।

पौने घण्टासम्म चार हात खुट्टाले टेकेर ठाडो उकालो चढेपछि पहाडको टुप्पोमा त पुगियो तर त्यहीं नै मञ्जुश्रीले तरबारले 'हँसियाले काटेझैं' कुनै ठूलो फलामे हतियारले पूर्व पश्चिम दुवै साइड काटिएको र पचास हात जति लामो काठे पुल जस्तो बाटो (जसलाई स्थानीय बासिन्दाहरुले 'नाक' भन्दा रहेछन् र जहाँबाट गाई गोरु पनि ओहोरदोहोर गर्न सक्दा रहेछन्) पार गर्नैपर्ने रहेछ र पार गर्दा अलिकति मात्रै चुक्यो भने लासै नभेटिने गरी एक कोश जति तल खस्ने रहेछ । त्यो डरलाग्दो बाटो देखेपछि हामीहरुको सातो पुत्लो नै उड्यो । तर त्यसलाई पार नगरी नहुने भएकाले मैले भनेँ (वास्तवमा डरलागेकाले) 'पहिले म जान्छु ।' उताउति नहेरीकन मैले त्यो 'नाक' लाई पार गरेँ । म पछि का.पुष्पलालले र अन्तमा का.सोमबहादुरले पार गरे । त्यहाँदेखि महाभारत पहाडको उत्तरी ओरालो सुरु भयो ।

ओर्लन बाटोघाटो केही थिएन । रुखका हाँगाबिँगा र झारहरु समातेर ओर्लियौं । फेदि पुगेपछि ५०० मिटर जति लम्बाइ र चौडाइ भएका समथर मैदान आइपुग्यो । उक्त मैदानको उत्तरी पुछारमा हाम्रो बाटो छेकेझैं गरी एउटा ठाडो ठूलो पहरा उभिएको थियो, जसलाई उज्यालो छँदै नाम मात्रको झिनो बाटोबाट पहरामा नाकै ठोकिने गरी उक्लेर पार गर्नुपर्ने थियो । अत्यन्तै मुश्किलले डराउँदै चढेर त्यो पहाडमाथि पुग्यौं । माथि पुगेपछि तल फर्केर हेर्दा खुट्टै काम्न थाल्यो । पहरामाथि पुग्दा झमक्क साँझ पनि भयो र पहरामाथिकै एउटा सानो ठाउँको घरमा बास बस्यौं ।

बिहान सबेरै निद खुल्यो । हातमुख धोयौं र तीनैजना मिलेर भात पकायौं । गुन्द्रुकको झोलसँग खुबै मिठो गरी भात खायौं । अनि हामीलाई बास दिने घरपतिनी बजैलाई केही पैसा दियौं र उकालो लाग्यौं । आधा घन्टा जति उकालो लागेपछि महाभारतदेखि उत्तरमा पर्ने अर्कै पर्वतमालाको भन्ज्याङ आइपुगियो । आधा घन्टा जति ओरालो झरेपछि तेस्रो गोरेटो बाटो सुरु भयो, जो पहिलेको जस्तो अप्ठेरो र कठिन थिएन । सायद धेरै नै अप्ठेरो उकालो ओरालो हिँडिसकेकाले होला, अहिले सजिलो बाटो हिड्दा हामीहरुका गोडा निकै दुख्न थाल्यो ।


साँझपख मात्रै काठमाडौं उपत्यकामा झर्ने हाम्रो योजना थियो तर हिँड्दा हिँड्दै साँझ नपर्दै उज्यालोमा हामीहरु उपत्यका झर्न पुगेछौं । हामीहरु ज्यादै नै अप्ठेरो स्थितिमा पर्न गयौं । पक्राउ पर्ने खतरा हुन गयो । नभन्दै सहरभित्र छिर्न नपाउँदै अकस्मात दुई जना इन्स्पेक्टरहरु र ८-१० जना प्रहरीहरुको एउटा जमातसँग जम्काभेट हुन गयो । इन्स्पेक्टर हरुले हामीहरुलाई चिनिहाले तर केही नबोली मुसुमुसु हाँस्दै अघि बढ्दै गए । हामीहरुको विरुद्ध देशव्यापी पक्राउ वारेन्ट जारी गरिएकै भए तापनि ती इन्स्पेक्टर हरुले हामीसँग बाटोमा भेट हुँदा पनि हामीहरुलाई गिरफ्तार नगर्नुबाट प्रस्ट के बुझिन्छ भने हामीहरुप्रति उनीहरुको सहानुभूति रहेछ र साथै उहाँहरु आफ्नै पहलमा हामीहरुलाई पक्राउ गर्न चाहँदा रहेछन् । यस्तै घटना पहिले पनि दुई तीन पटक भइसकेका थिए ।

काठमाडौं पुगेको केही दिनपछि हामीहरु काठमाडौंतर्फ लागेको थाहा पाएर नेपालका गुप्तचर प्रहरीहरु नेपाल भारत सिमानादेखि नै हामीहरुलाई पछ्याउदै आएका थिए भन्ने सुनियो । का.पुष्पलाल र म स्वदेशतर्फ लागेको २-३ दिनअघि वा पछि डा.केशरजंग रायमाझी, डीपी अधिकारी, एस कमर शाह र पीबी मल्ल दिउँसै खुल्लमखुल्ला रक्सौलबाट सरकारी मोटर गाडीबाट काठमाडौं आई सोझै नारायणहिटी राजदरबार गएका रहेछन् । यो कुरा हामीहरुलाई बिल्कुलै थाहा थिएन ,। एक वर्षपछि मात्रै अर्थात् म गिरफ्तार हुनुभन्दा केही दिनअघि मात्रै डीपी अधिकारीले डराइ डराइकन मलाई यस घटनाबारे सबै कुरा बताए । यसरी डा.रायमाझीहरु दिउँसै सबैले देख्ने गरी रक्सौलबाट सरकारी मोटरकारमा काठमाडौं आई सोझै नारायणहिटी राजदरबार जानु भनेको ठाडै पार्टीविरुद्ध षड्यन्त्र र गद्दारी गर्नु हो । त्यो घटनाले डा.केशरजंग रायमाझी साँच्चै नै राजावादी भएको प्रमाणित पनि गऱ्यो ।

# ज्युरिचः तीन दिनको सफर, दुई रातको अनुभव-३

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**





यत्तिकैमा दुई जना अधबैंसे मानिसहरू ट्वाँटले लडखडाउँदै आए र तीमध्ये एकसँग रेलवे स्टेसन जाने बाटो सोधेँ । तिनीहरूले दया गरेर ठीक बाटो बताइदिए । करिब पन्ध्र मिनेटपछि रेलवे स्टेसनमा पुगेँ र त्यहाँबाट बिहान कुन बाटो लागेको हो सम्झँदै गएँ, ट्वाक्कै आफ्नो होटेल फेला पऱ्यो, आनन्दले मन विभोर भयो । त्यस बेला रातको दुई बजिसकेको थियो ।

**अपरिचित केटीको निम्तो**

भोलिपल्ट उठ्दा आठ बजिसकेछ । आफ्नो कोठामा भएको स्नानकोठा (बाथरुम)मा न्यानो पानीले रमाइलो स्नान गरिसिद्धचाई लुगा लगाउने तरखरमा थिएँ । पेट अलि ठीक नभएको जस्तो र शरीर भारी भएको अनुभव भयो । आज 'दृश्यावलोकन भ्रमण' (साइट सिइङ) मा जानुपर्ला भनी सोच्दै थिएँ । एक्कासि टेलिफोनको घण्टी बज्यो, कुनै आइमाईको स्वर रहेछ । एकछिन त स्तब्ध भएँ र केही हडबडाएको जस्तो पनि भएँ । तर त्यो केटीस्वरले फेरि दोहोऱ्याएर भन्यो- "म यहीं होटेलको कार्यालयमा सेक्रेटरीको काम गर्दछु । तपाईं नेपलिज (नेपाली) भन्ने कुरा यहाँको फ्रन्ट डेस्कमा रहेको चार्टबाट थाहा पाएँ । म गत वर्ष जनवरीतिर तपाईंको सुन्दर देशमा गएकी थिएँ । पहाडतिर ट्रेकिङ पनि गरेकी थिएँ । बडो रमाइलो लागेको थियो । काठमाडौंमा मात्रै बाह्र दिन बसेँ । त्यो सहरको उत्तरतिर देखिने सेता चम्किला हिमालयका टाकुराहरू अहिलेसम्म झलझली सम्झन्छु । त्यस्ता अग्ला चोसा परेका टाकुराहरू हामीकहाँ छैनन् । तपाईंको देश ज्यादै सुन्दर लाग्यो । मैले धेरै स्लाइडहरू खिचेको छु । आज मेरो आधा छुट्टी छ, मकहाँ साँझमा साथीहरू आउँदै छन्, स्लाइड पनि देखाउने प्रोग्राम छ, तपाईं पनि आइदिनुस् न, म लिन आउँछु, है !" यसरी एक्कासि एक जना अपरिचित केटीले फोनमा उत्साहपूर्वक गरेको निवेदनलाई मैले लत्याउन सकिनँ । फेरि कताकता यो निवेदनले मलाई इज्जत गरेको जस्तो पनि लाग्यो । म गौरवान्वित भएँ र तुरुन्तै 'हुन्छ, हुन्छ' भनेँ । लगत्तै तीन बजेको समय छिनियो । पछि मलाई अलि पछुताउजस्तो लाग्यो । थोरै दिनका लागि आएको ठाउँमा अरू दर्शनीय स्थलहरू हेर्न जानुको साटो बिनसित्ति यस्तो प्रोग्राममा सम्मिलित हुन मन्जुर गरेँ जस्तो लाग्यो र विचारै नगरी वचन दिइहालेकोमा थकथकी पनि लाग्यो ।

**नौकाविहार**

जे होला भन्दै बाहिर निस्केँ र सोधपुछपछि ज्युरिचको पर्यटक आकर्षणमध्ये 'बोट ट्रिप' पनि रहेछ भन्ने थाहा पाएँ । ज्युरिचमा जलमार्गको नौकाविहार (बोट टिप) गर्न एउटा अपरिहार्य परिपाटी नै बनेको रहेछ । मैले पनि त्यस दिन लिमात नदी र ज्युरिच तालमा 'मोटरबोट ट्रिप' लिएँ । आफू बसेको होटेलको छेउछाउका दर्शनीय स्थलहरू जस्तै- गिल्ड हाउस, टाउनहल, ग्रोस म्युन्स्टर, भासरकिर्खे (चर्च) र क्याथेड्रल आदि एक-एक गरी लगत्तै आँखाअगाडि पर्न आए । त्यसपछि माथितिर लाग्दा हरिया डाँडाहरू तथा आल्पस पर्वतका सेता हिमचुचुरा देख्दा कताकता पोखराको फेवातालमा चक्कर लगाइरहेको जस्तो लाग्न गयो ।

यसो हेर्दा ज्युरिच सहरको बीचैबीचमा अवस्थित प्रसिद्ध जलमार्ग- 'लिमात' ले यसको सौन्दर्यलाई दुगुना मात्र पारेको होइन कि ज्युरिचवासीहरूलाई निकै सुख, सुविधा र शान्ति पनि प्रदान गरेको जस्तो लाग्यो । नेपालको मनोहर प्राकृतिक सौन्दर्यलाई स्विट्जरल्यान्डसँग तुलना गरिएका कुराहरू धेरैपल्ट आफ्नै देशमा सुनेको थिएँ । नेपालजस्तो भूपरिवेष्टित मुलुक भएर पनि स्विट्जरल्यान्डको यत्रतत्र समुद्रजस्ता ठूलाठूला तालहरू र 'लिमात' जस्ता जलमार्ग हुनु निश्चय नै प्रकृतिले समेत यस देशलाई काखी च्यापी प्यारो गरेको जस्तो लाग्यो ।

यो लिमात नदीमा सफर गर्दा हाम्रा गाइडले कुनै एउटा खास ठाउँ वा भवनको विषयमा भन्दा पनि ज्युरिच सहरको विषयमा मात्र फलाक्दै गरेबाट थाहा पाएँ- युरोप महादेशको माझमा अवस्थित हुन पाउनु नै ज्युरिचको ठूलो विशेषता हो । यहाँबाट रोम, भियना, बर्लिन, लन्डन, बुढापेस्ट, एथेन्स, इस्तानबुल, हेलसिन्की आदि युरोपका मुख्यमुख्य सहरहरू उत्तिकै दूरीमा पर्दछन् । साँच्चै भन्ने हो भने युरोपमा उत्तर-दक्षिण तथा पूर्व-पश्चिमको आवागमनमा यो सहरले एउटा मध्यस्थले गर्ने काम गरेको छ भन्नुमा अतिशयोक्ति हुनेछैन । ज्युरिचबाट कुनै पनि युरोपीय देशको राजधानीमा हवाईमार्गद्वारा दुई घण्टाभन्दा कम समयमा पुग्न सकिँदो रहेछ । तसर्थ यहाँ बिदा मनाइरहेका कुनै पनि विशिष्ट व्यक्ति वा उद्योगपतिले कथंकदाचित् लन्डन वा भनौं भियना अथवा रोममा कुनै जरुरी मिटिङमा तुरुन्त सम्मिलित हुनुपरे त्यहाँ सजिलैसँग गई त्यही दिनमा फर्केर यहाँ आफ्नो बिदा मनाउने कार्यमा यथावत् राख्न सकिने रहेछ । एकातिर युरोपीय औद्योगिक सहरहरूजस्तै यो ज्युरिच व्यस्त व्यापारिक केन्द्र बन्दै गएको छ भने अर्कोतिर सुन्दर तालहरूमा रमाइलो भ्रमण, जङ्गलजस्ता डाँडाहरूमा पैदल यात्रा तथा हरिया पार्कहरूमा बेकामसँग लेटिरहने वा ध्यानमग्नझैँ भई शान्ति पाउने परिपाटीले यो सहर आधुनिकताको सरापबाट केही हदसम्म फुत्किन सफल भएको छ ।

फेरि आधुनिकता र प्राचीनताको राम्रो संयोजनलाई यहाँका भवनहरूले मात्र होइन स्वयम् यहाँको जनजीवनको रहनसहन तथा चाडपर्वले पनि प्रस्टचाएको भेटिन्छ, वाःन होफ प्लाजतिरको आधुनिक किसिमको झकिझकाउले यो सहरको आधुनिक भव्यतालाई औंल्याउँछ भने ओल्ड-स्क्वायरतिरका गल्लीहरूले पन्ध्रौं-सोह्रौं शताब्दीको सानो सहरको रूपरेखा प्रस्तुत गर्दछ । साँच्चै सुन्दर, शान्त, विशालको सम्मिश्रण भएको यो सहरमा न त अमेरिकाका ठूला सहरहरूमा जस्तो 'स्लम' एरिया नै छ, न त सामन्तीहरूका भव्य दरबारहरू नै । *(क्रमशः)*

स्वास्थ्य

# कोदो खाँदा हुने फाइदा



कोदोलाई धेरैजसो मानिसले राम्रो अन्न मान्दैनन् । तिनीहरू यसको गुणमा होइन कि रंगमा गएकाले त्यस्तो भएको बुझ्न गाह्रो छैन । तर, कोदो तपाईंहामीले सोचेजस्तो कम गुणकारी खाद्यान्न भने हुँदै होइन । यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८.७३ गुणा बढी क्याल्सियम पाइन्छ । यसमा मकैभन्दा ३.७ गुणा, चामलभन्दा २.३ गुणा र गहुँभन्दा १.५ गुणा बढी आइरन पाइन्छ ।

मैथिलीमा मडुवा, नेवारीमा डुसी, अंग्रेजीमा मिलेट भनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख स्रोत हो । यसलाई भविष्यको स्मार्ट खानासमेत भनिएको छ । कोदो हाम्रो मुलुकका लागि फयुचर स्मार्ट फुड (भविष्यको स्मार्ट भोजन) रहेको जनाउँदै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), जिन बैंकका वरिष्ठ वैज्ञानिक डा. बालकृष्ण जोशी भन्छन्, 'यसलाई ढिँडोका रूपमा मात्र नभई मस्म, सेल रोटी, बिस्कुट, चाउचाउ र रोटी लगायतका आधुनिक परिकारका रूपमा पनि उपयोग गर्नुपर्छ ।'

सामान्य स्वस्थ व्यक्ति मात्र नभई बालबालिका, गर्भवती, मधुमेह, रक्तचापका बिरामीलाई समेत कोदो खानाले उल्लेख्य फाइदा पुग्ने वैज्ञानिक अनुसन्धानबाट पुष्टि भइसकेको औंल्याउँदै उनी स्वास्थ्यसम्बन्धी फाइदाका लागि यसको उपयोग हुनुपर्ने सुझाउँछन् ।

कोदो तराईदेखि उच्च पहाडी क्षेत्रसम्म जुनसुकै जलवायुमा पाइन्छ । हामीलाई चाहिने प्रायस् सबै थोक यसमा हुने गरेको विज्ञहरू औंल्याउँछन् ।'कोदोको सन्तुलित उपयोगले राम्ररी पोषित भएर स्वस्थ रहन सघाउँछ,'युनिसेफ नेपालका पोषणविद् नवीन पौडेल भन्छन्,'पहिले नहुनेले कोदो खाने गरे पनि आजकल हुनेले खान थालेको अवस्था छ।'

नेपाली समाजमा कोदोको उपयोगलाई कुनै बेला गरिबीको प्रतीकसमेत मान्ने गरिएको थियो । यसलाई कुअन्न मान्ने परम्पराले गर्दा यसको गुण अपहेलित हुँदै आएको छ । नेपालीको खाने चलनमा मुख्य घटक नै भात भएको र यसैमा अत्यधिक निर्भर रहने भएकोले नसर्ने रोगको वृद्धिमा समेत यसले सघाइरहेको छ । दशैंको पहिले तराई र पहाडमा आर्थिक रूपले विपन्न वर्गलाई स्वस्थ राख्ने मुख्य आधारमध्ये एउटा कोदोसमेत हुन सक्ने पौडेलको अनुमान छ ।

धेरैजसो सहरी क्षेत्रका हुनेखानेहरूले'थ्रिल'रमाइलो र फरक स्वादको लागि कोदो खाने गरेको जनाउँदै पौडेल भन्छन्, 'हामी यसको फाइदा जानेरभन्दा पनि नजानेर परम्पराग बानीव्यहोरा आदिले खाइरहेका छौं ।'

हाल हाम्रो मुलुकमा अमृतजस्तै उपयोगगर्न सकिने कोदोको विषजस्तो उपयोग भइरहेको विज्ञहरू बताउँछन् । कोदोको उपयोग घरेलु जाँड, रक्सी, तोङबा लगायतमा बढी भइरहेको दुस्खद स्थिति औंल्याउँदै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (डीएफटीक्यूसी) का वरिष्ठ खाद्य अनुसन्धान अधिकृत पूर्णचन्द्र वस्ती भन्छन्,'कोदोको नियमित सन्तुलित उपयोग मात्रै गर्न सके पनि हाम्रो मुलुकबाट कुपोषण हटाउन सकिन्छ ।'

ढिँडोको रूपमा कोदो खानु अति नै फाइदाजनक मानिन्छ । रोटीको रूपमा खानु वा गहुँ, मकै आदि पिठोमा कोदोको पिठो मिसाएर रोटी लगायतका परिकार बनाउनुसमेत लाभदायक मानिन्छ । अफ्रिकातिर कोदोलाई सातुजस्तै फिटेर खाने चलन छ । हाम्रो मुलुकमा पनि यसरी कोदोको उपयोग गरिँदा यसले थप स्वास्थ्यसम्बन्धी फाइदा मिल्न सक्छ । बालबालिकाका लागि बनाइने लिटोमा कोदोको उपयोग गर्दा उनीहरूको विकासका लागि थप टेवा पुग्ने गर्छ । मल्टिग्रेन (बहुअन्न) पिठोमा कोदोमिसाएर थप स्वस्थकर र स्वादिलो रूपमा उपयोग गर्न सकिने जनाउँदै बस्तीले'हर्लिक्स'जस्तो शक्तिवर्धक पेय पदार्थबनाउने'डीएफटीक्यूसी'मा केही अनुसन्धान भइरहेको बताए ।

खासगरी गर्भवतीले क्याल्सियमको चक्की खानुको सट्टा दुइटा कोदोका रोटी खाए पुग्छ । स्तनपान गराउनेहरूका लागि समेत यो दूध बढाउने आधार बन्छ । भारतमा कोदोले पापड, भुजिया, स्पागेटी, नुडल्स आदि बनाउन थालिएको छ ।

कोदोमा अरू पिठो मिसाएर बिस्कुट, पाउरोटी, बन, केक, मफिन, शिशु खाद्य पदार्थजस्ता विभिन्न परिकार बनाउन थालिएको छ । वस्तीका अनुसार, कोदो फलाम, क्याल्सियमजस्ता म्याग्नेसियम, फोस्फोरस र पोटेसियमजस्ता खनिजको समृद्ध स्रोत हो । यसमा प्रशस्त मात्रामा क्याल्सियम हुन्छ ।

फाइबरले भरिपूर्ण कोदोमा विभिन्न भिटामिन (जस्तै स बिटा क्यारोटिन, नियासिन, भिटामिन बी ६, फोलिक एसिड) हुन्छन् । यसमा भएको लेसितिनको उच्च मात्राले स्नायु प्रणालीलाई बलियो बनाउन सघाउँछ । यसको उपयोगले कुपोषण हटाउन सकिन्छ । यसमा प्रशस्त मात्रामा पोलिफेनल्स, टयानिन, फाइटोस्टेरोल्स लगायतका फाइटोकेमिकल्स पाइन्छन् । यो एन्टिअक्सिडेन्टले समेत परिपूर्ण हुन्छ ।

मुलुकको खाद्यान्न बालीको चौथो महत्त्वपूर्ण बाली कोदो रहेको औंल्याउँदै बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका वरिष्ठ बाली विकास अधिकृत प्रकाश आचार्य भन्छन्,'कोदो खेतीमा मल, जल, विषादी आदिको खासै आवश्यकता नपर्ने हुनाले यो हाम्रो लागि अत्यन्त उच्च स्तरको अर्गानिक खाद्य पदार्थ हो ।'

मानिसलाई ज्ञात सबैभन्दा पुरानो खाद्य पदार्थमध्ये एक कोदो खाद्य र पोषण सुरक्षाको दृष्टिले महत्त्वपूर्ण भए पनि सरकार र राज्यले खासै महत्त्व दिएको छैन । हाम्रो मुलुकमा कोदोका दुई सयभन्दा बढी स्थानीय जात पाइन्छन् । यसको बीउ घरेलुस्तरमै करिब १० वर्षसम्म सुरक्षित राख्न सकिन्छ । मुलुकमा करिब २ लाख ६० हजार हेक्टरमा कोदोको खेती हुन्छ । वार्षिक रूपमा करिब ३ लाख १५ हजार मेट्रिक टन कोदोको उत्पादन हुन्छ । मुलुकमा कोदो बाली लगाउने कुल क्षेत्रफलको ७५ प्रतिशत जग्गा मध्यपहाडी जिल्लामा पर्छ ।

क्यान्सर, मुटुरोग र मधुमेहबाट जोगाउँछ

इन्डियन इन्स्टिच्युट अफ मिलेट रिसर्च (आईआईएमआर), हैदरावाद, भारतको तथ्यपत्रअनुसार कोदोबाट धेरै लाभ लिन सकिन्छ । महामारीसम्बन्धी अध्ययनहरूले के देखाएका छन् भने, कोदोको उपयोगले मुटु रोगको जोखिम कम हुन्छ, मधुमेहबाट जोगाउँछ, पाचन प्रणालीमा सुधार ल्याउँछ, क्यान्सरको जोखिम कम गर्छ, शरीरको शुद्धीकरण गर्छरविषाक्तता हटाउँछ, श्वासप्रश्वासको स्वास्थ्यसम्बन्धी प्रतिरोधक क्षमता बढाउँछ, ऊर्जास्तरमा वृद्धिसँगै मांशपेशी र नशासम्बन्धी प्रणालीमा सुधार ल्याउँछ, पार्किन्सन्स रोग, मेटाबोलिक सिन्ड्रोम लगायतका थुप्रै डिजेनरेटिभ (पुनर्निर्माण हुन नसक्ने) रोगविरुद्ध सुरक्षा प्रदान गर्छ ।

कोदोमा रेसिस्टेन्ट स्टार्च, ओलिगोसेकेराइड, लिपिड, एन्टिअक्सिडेन्टजस्तो फेनोलिक एसिड, एवेनथ्राम्रामाइड्स, फ्लेभोन्वाइड्स, लिग्नस र फाइटेस्टेरोलजस्ता थुप्रै महत्त्वपूर्ण पोषकतत्त्व पाइन्छन् ।

कोदो मुटु रोगमा समेत अत्यन्त फाइदाजनक मानिन्छ । म्याग्नेसियम अत्यधिक हुने भएकाले यसले विशेष रूपले रक्तचाप कम गर्न, एथेरोस्केलेरोसिसमा मुटुको स्ट्रोकको जोखिमलाई न्यून गर्न सघाउँछ ।

कोदोमा भएको पोटेसियमले'वासोडिलेटर'अर्थात् सानो रक्तवाहिनीलाई ठूलो पारेर रक्तचाप कम राख्न सहयोग गर्नुका साथै मुटु र रक्तनलीसम्बन्धी जोखिम कम गर्छ । यसले केही प्रकारका क्यान्सर र मुटु रोगबाट समेत जोगाउँछ । कोदोमा उच्च मात्रामा पाइने रेशाले कोलेस्ट्रोल कम गर्नसमेत सघाउँछ ।

यसले एलडिएल कोलेस्ट्रोललाई कम गर्नुको साथै एचडीएल कोलेस्ट्रोलको प्रभावलाई बढाउँछ । मधुमेह हुनबाट जोगाउन कोदोको उपयोग अत्यन्त फाइदाजनक देखिएको छ ।

यसमा भएका फाइबर, म्याग्नेसियम, भिटामिन-ई, फेनोलिक यौगिक र टयानिनले मधुमेहको खतरालाई कम गर्छ । किनभने यिनले रगतमा ब्लड ग्लुकोज र इन्सुलिनको स्तरको एक्कासि वृद्धिलाई मन्द पार्छ ।

पाचनसम्बन्धी विकारमा समेत कोदो उपयोगी मानिएको छ । यसले गर्दा ग्यास्ट्रिक अल्सर र कोलोन क्यान्सरको सम्भावनामा समेत कमी आउँछ । यसमा भएको रेसाले कब्जियत, अत्यधिक ग्यासलाई दूर गर्छ ।

# ब्रेजनेभको जस्तो निधन नहोस् नेताहरुको



विष्णु भट्टराई

रुसी जार निकोलस द्वितीयको शासन चलिरहँदा भिक्टोरिया पेत्रोभ्ना सन् १९०७ को जुलाई ५ मा जन्मिइन् । कुस्क प्रान्तको बेल्गोरिड उनको जन्मस्थान । भिक्टोरियाका पिता पिटर डेनिसोम रेलचालक थिए । आमा अन्ना भ्यादिमिरोभ्ना भने शुद्ध गृहिणी थिइन् । भिक्टोरिया रुसी नाम होइन । त्यसबेला लगभग एक लाख जनसंख्या भएको कुर्स्कमा पोलिसहरु धेरै थिए । यिनकै उक्साहटमा पिटरले छोरीको गैररुसी नाम राखिदिए । भिक्टोरिया पिटर दम्पतिका चार छोरी र एक छोरा जन्मिए । भिक्टोरिया नामले पिटर परिवारलाई धेरैले यहुदी ठाने, तर उनीहरु यहुदी थिएनन् ।

सन् १९२५ मा भिक्टोरिया मेडिकल कलेजमा दाखिल भइन् । कलेजको नृत्य कक्षमा उनको एकजना खाइलाग्दा युवासँग चिनजान भयो । युक्रेनी ती युवा भिक्टोरियाभन्दा एक वर्ष मात्र जेठा थिए- उनी १७ वर्षकै उमेरमा कम्युनिस्टहरुको युवा संगठन कोम्सोमोलको सदस्य भइसकेका थिए । उनी त्यसबेला भूमि व्यवस्थासम्बन्धी प्राविधिक स्कुलमा तेस्रो वर्षमा अध्ययनरत थिए । नवयौजना भिक्टोरिया रुपवती थिएन् । पहिलो हेराइमै ती युवक लठि्ठए । उनी थिए लियोनिद ब्रेजनेभ । नृत्य कक्षमा भिक्टोरियाले ब्रेजनेभलाई नाच्न आग्रह गरिन् । तर ब्रेजनेभ नाच्न जान्दैनथे । दुवै नजिक भएपछि भिक्टोरियाले पछि उनलाई नाच्न सिकाइन् । ब्रेजभ कुशल नृत्यकार समेत बने । भिक्टोरिया र ब्रेजनेभको नृत्यको ताल साह्रै मिल्थ्यो ।

जब दुवै प्रेममा परे एक दिन भिक्टोरियाले आफ्नो घर लगिन् र आफ्ना आमा बुबासँग चिनजान गराइन् । तीन वर्ष लामो 'अफेयर्स' पछि ब्रेजनेभ र भिक्टोरियाको सन् १९२७ डिसेम्बर ११ मा विवाह भयो । प्रेमीप्रेमिका विधिगत रुपमा पतिपत्नी भए । विवाहपछि यो जोडी स्वर्दलोभ्स्क रमाना भए । भाडामा कोठा लिएर बस्न थाले । ब्रेजनेभ जागिरको सिलसिलामा सरुवा भइरहन्थे । भिक्टोरिया सधैं उनीसँग हुन्थिन् । युक्रेन, किसिनेभ, मोल्दाभिया हुँदै अन्त्यमा उनीहरु मस्को पुगे । त्यहाँ भिक्टोरियाले एउटा अस्पतालमा नर्सको काम पाइन् । सन् १९२९ अप्रिल १८ मा छोरी गार्लिना पैदा भइन् । बच्चीकी आमा भएपछि उनले नर्सको काम छोड्नुपर्‍यो । दुई वर्षकै अन्तरालमा फेरि उनी गर्भवती भइन् । छोरा युरी जन्मिए । उनले आफ्नो सम्पूर्ण ध्यान बालबच्चा स्याहार्न र हुर्काउनमा लगाइन् । भिक्टोरिया पाक कलामा पनि निपुण थिइन् । खाना निकै मिठो पकाउँथिन् । ब्रेजनेभ पत्नीले बनाएको खाना असाध्यै मन पराउँथे । पत्नीको हातको खाना उनी पहिलो चखाइमै थाहा पाउँथे ।

ब्रेजनेभले सन् १९३१ म कम्युनिस्ट पार्टीको सदस्यता लिए । इन्जिनियरिङ उत्तीर्ण गरेपछि उनी प्राविधिक स्कुलका निर्देशक भए । दोस्रो विश्वयुद्धमा नाजी सेनाले रुसमाथि आक्रमण गर्‍यो । सन् १९४१ म ब्रेजनेभ राजनीतिक कमिसार बने । दोस्रो विश्वयुद्धमा हिटलरको पतन रुसी लालसेनाले गरायो । नेतृत्वमा स्टालिन थिए । यदि रुसी लालसेनाले हिटलरको नाजी सेनालाई हराउन नसकेको भए रुस जर्मनको उपनिवेश बन्ने सम्भावना थियो । विश्वमाथि नै राज गर्ने साकाहारी हिटलरको महत्वकांक्षामाथि रुसी लालसेनाले पानी फेरिदिएको थियो । विश्वयुद्ध सकिएपछि ब्रेजनेभ पहिले युक्रेन र पछि मोल्दामियाको पार्टी सचिव बने । सन् १९५३ मा रुसी कम्युनिस्ट नेता जोसेफ स्टालिनको निधन भयो । ब्रेजनेभ केन्द्रीय सदस्यबाट तल झारिए । तर जब सत्तामा खुश्चेभको उदय भयो ब्रेजनेभ पोलिटब्युरो सदस्यमा पदोन्नति भए । ब्रेजनेभ खुश्चेभका विश्वासिला थिए । निकिता खुश्चेभको विश्वासपात्र भएका कारण ब्रेजनेभ सन् १९६० मा सुप्रिम सोभियत अध्यक्ष मण्डलको सदस्य भएपछि यिनी खुश्चेभ विरुद्ध लागे । सन् १९६४ मा खुश्चेभको सहायक पदबाट राजीनामा दिए । उनी खुश्चेभलाई सत्ताच्युत गराउने षड्यन्त्रमा सामेल भए । दुई वर्षपछि सन् १९६६ मा ब्रेजनेभ महासचिव भए भने सन् १९७७ मा सुप्रिम सोभियत अध्यक्ष मण्डलको अध्यक्ष भए, अर्थात् उनी राष्ट्रपति बने सोभियत संघको ।

ब्रेजनेभ राष्ट्रपति भए पनि श्रीमती भिक्टोरियाले भने गृहिणीकै कार्यभार सम्हालिन् । यदाकदा कुनै औपचारिक कार्यक्रममा मात्र उनी सर्वोच्च नेता खुश्चेभ सँगसँगै देखिन्थिन् । उनी सत्तारुढ कम्युनिस्ट पार्टीको सदस्य थिइन् तर कुनै पनि महत्वपूर्ण पद खोजिनन् । कहिलेकाहीँ पतिसँग विदेश भ्रमणमा भने उनी जाने गर्थिन् । उनी निकै भावुक प्रकृतिकी महिला थिइन् । भाषण, जुलुस सभा र सार्वजनिक कार्यक्रममा उनको विल्कुलैं रुचि थिएन । भाषण त उनी आफ्ना पतिको पनि सुन्दैनथिन् । घरमै बस्थिन् । आइस हकी उनलाई मनपर्ने खेल थियो । तसर्थ आइस हकी प्रसारण हुने टेलिभिजन च्यानल हेर्रैरै उनको दिन बित्थ्यो । उनका गफ गर्ने र मिल्ने साथी समेत थिएनन् । छोराछोरीहरु स्कुल, कलेज पढ्न जान्थे । उनी एक्लै घरमा बस्थिन् । लोग्ने शक्तिमा भएका बेला उनी जुनसुकै आकर्षक पदमा जान सक्थिन् । तर उनले राजनीतिमा खासै मन लगाइनन् । आफू लाभका पदमा जानु पतिको राजनीतिक छवि बिगार्नु हो भन्ने ठान्थिन् भिक्टोरिया ।

ब्रेजनेभ पत्नीलाई मायाले 'भित्या'





भनेर बोलाउँथे । भिक्टोरिया लोग्नेका मुखबाट यो शब्द सुन्न हुरक्क हुन्थिन् । घरमा पार्टीका नेताहरु आइरहन्थे । सबै भित्याले पकाएको खाना मिठो हुन्छ भन्दै ठट्टा गर्दै खान्थे । आएका पाहुनालाई उनी कहिल्यै भोकै पठाउँदैनथिन् । उनका केही मिल्ने साथी अन्ना दिमित्रियेमा ल्युबिनोभा, तात्याना, आन्द्रोपोमा र लिडिया ग्रिनोभिचहरु थिए । यी पछि राष्ट्रपति बनेका कोन्स्टान्टिन चेर्नेन्को, युरो आन्द्रोपोभ र आन्द्रोईग्रोमिका पत्नीहरु थिए । सधैंजसो आफ्ना घर आइरहने भएकाले भिक्टोरिया उनीहरुसँग गफ गर्थिन् । अर्की एकजना गुप्तचर विभागकी अधिकृत थिएन् । रुसी माताहारी नामले चिनिने उनी प्रायः ब्रेजनेभसँगै खाना खान्थिन् । तिनै माताहारीले एकपटक हो झन्डै ब्रेजनेभको ज्यान लिएकी थिइन् । यसका बाबजुद पनि भिक्टोरिया ती युवतीलाई घृणा गर्दैनथिन् । यत्तिसम्म कि अन्य महिलासँग सम्पर्क ब्रेजनेभको रहेको चर्चा चल्दा पनि भिक्टोरिया मेरो लोग्ने त्यस्तो व्याभिचारी छैनन्, असल छन्, मलाई धेरै माया गर्छन् भनेर चुपचाप बस्थिन् । यसबाट बुझिन्छ उनी पढेलेखे पनि अलि पुरातन विचारवाली सोझी र नितान्त घरेलु श्रीमती थिइन् ।

सैनिक अधिकृत भिक्टर इलिनले सन् १९६९ मा झन्डै ब्रेजनेभको ज्यान लिन खोजेपछि भिक्टोरिया डराइन् । हत्या प्रयासमा गाडी चालक मारिए, ब्रेजनेभ बालबच्चा बाँचे ,। लेनिनग्राड निवासी यी सैनिक अधिकृतले के कारणले ब्रेजनेभलाई सिध्याउन खोजेका हुन्, भिक्टोरिया एक्लै सोचिरहन्थिन् । सन् १९८२ मा ताकसन्द जाँदै गर्दा ब्रेजनेभ चढेको विमान दुर्घटनामा पर्‍यो । त्यो बेला भिक्टोरिया यिन्तु न चिन्तु भइन् । उनले छोरी गालिता र ज्वाइँ येभ्गी मिलायेभकी छोरी भितुस्यालाई घरमा ल्याएर राखेकी थिइन् । तिनै नातिनीसँग खेलेर दिन बिताउँथिन् उनी । क्रिमियास्थित ब्रेजनेभको कार्यालयमा समय समयमा पूर्वी युरोपका राष्ट्रपतिहरु रोमानियाका निकोलाई चाउचेस्कु, बुल्गेरियाका तोडोर झिम्कोभ, चेकोस्लोभाकियाका गुस्ताभ हुसाक, पोलिस कम्युनिस्ट पार्टीका महासचिव एडवार्ड गिरिकहरु पुगिरहन्थे । भिक्टोरिया उनीहरुसँग भने खुला कुरा गर्थिन् । एकपटक रुमानियाली राष्ट्रपति चाउचेस्कुले भिक्टोरियाले पकाएको खाना फालेर उनको बेइज्जत नै गरेका थिए । भिक्टोरियाकोमा खाना खान जानेमा केजीबीका प्रमुख युरी आन्द्रोपोभ, उपप्रमुख सेमेनटिस्भगुन, भिक्टोरियाका भाइ गृहराज्यमन्त्री युरी चर्बानोभ थिए । २८ गोटीले खेलिने खेल 'डेमिनो' रातभर खेल्थिन् भिक्टोरिया । एउटा टोलीमा भिक्टोरिया र ब्रेजनेभका निजी डाक्टर रोडियोनोभ र अर्को टोलीमा ब्रेजनेभ र केजीबीका सुरक्षा प्रमुख अलेक्जेन्डर र प्याबेन्थको रहन्थे ।

मान्छेको शरीर सधैं स्वस्थ कहाँ हुन्छ ? सन् १९७४ मा ब्रेजनेभ बिरामी भए । भिक्टोरियाले पतिलाई एकक्षण पनि छोडिनन् । दिनरात पतिको सेवा गरिरहिन् । ब्रेजनेभले सोभियत रुसलाई आफ्नो १८ वर्षे शासनकालमा महाशक्ति राष्ट्रको रुपमा स्थापित गरे । त्यसअघि अमेरिका मात्र महाशक्ति राष्ट्र थियो । उनले अमेरिकासँग टक्कर लिए । गुप्तचर संस्था केजीबीलाई अमेरिकी गुप्तचर संस्था सिआईएभन्दा शक्तिशाली बनाए । ब्रेजनेभ मेडल र पदनका भने भोका थिए । भए जति मेडल र पदक आफैंले राखे झन्डै दुई सयवटा । स्टालिनपछि रुसका सबभन्दा शक्तिशाली नेता सम्भवत: ब्रेजनेभ नै बनेका थिए । यद्यपि ब्रेजनेभ दम्पत्ति वास्तविक रुपमा सुखी थिएनन् । छोरी गलिना र छोरा युरी खुँखार डंकार्ड (जँड्याहा) निस्किए । छोराछोरीका कारण ब्रेजनेभले बदनामी झेल्नुपर्‍यो । छोरी गालिन जँड्याही मात्र थिइनन् अति विलासी जीवन थियो उनको । उनी यौन मामिलामा पनि त्यत्तिकै अगाडि थिइन् । केटा मान्छे फेर्नु मोबाइलको सीमकार्ड फेर्नुजस्तै ठान्थिन् उनी । किशोर अवस्थादेखि नै यी अति रिसाही स्वभावकी थिइन् । युवा संगठन कोम्सोमोलको सदस्य लिन ठाडै अस्विकार गरिदिइन् । कलेज पढ्दापढ्दै सर्कस खेलाडी येभ्गेनीसँग भागिन् । दश वर्षपछि उनले येभ्गेनीसँग डिभोर्स गरिन् १९६१ मा । गालिना आमा भिक्टोरियासँग आएर बस्न थालिन् । ब्रेजनेभले गालिनालाई घरबाट धपाइदिए । उनले फेरि अर्को सर्कस खेलाडी र जादुगर इगोर कियोसँग बिहे गरिन् । ब्रेजनेभले यो बिहे रद्द गरिदिए । दोस्रो पति कियोसँग गालिनाले जम्मा नौ रात मात्र गुजारिन् । यिनले फेरि सन् १९७१ म गृह मन्त्रालयका कर्मचारी युरी चुर्बानोभसँग बिहे गरिन् । पिताको शक्तिको दुरुपयोग गर्दै पतिलाई सेनाको अधिकृत र पछि प्रथम उपगृहमन्त्रीसम्म बनाइन् । उनको यौन उच्छृङ्खलता यत्तिमै सीमित भएन । ५० वर्ष पुगेपछि उनले १९ वर्षीय केटो बोपरिस बुर्यात्सेलाई पति बनाएर सँगै राखिन् । भव्य आलिसन महलमा बस्थिन् । मर्सिडिज कारमा घुम्थिन् । महँगा भोड्का र ह्स्विकको चुस्की लाउँथिन् । रुसीहरु गालिनाको तमासा चुपचाप हेर्न बाध्य थिए किनकि ब्रेजनेभ सत्ताको नेतृत्वमा थिए ।

छोरा युरी झनै रुखो स्वभावका थिए । रुसीहरु युरीलाई पटक्कै मन पराउँदैनथे । ब्रेजनेभले छोरालाई सत्तारुढ पार्टीको केन्द्रीय सदस्य बनाइदिए साथै विदेश व्यापारसम्बन्धी उपमन्त्री । यी जोसँग पनि निहुँ खोज्ने झगडा गर्ने गर्थे । पत्नी ल्युदमिला भ्लादिमिरोभ्नालाई समेत पिटपाट गर्थे । यही कारण छोराहरु आन्द्रेई र लियोनिदले बाबुको कहिल्यै आदर गरेनन् । जब ब्रेजनेभको निधन भयो युरी आन्द्रोपोभको समयमा भ्रष्टाचार र राज्यकोष दुरुपयोग गरेको अपराधमा पक्राउ परी काराबासको सजाय समेत भोगे । गालिना पनि राज्य शक्तिको दुरुपयोग र हिरा लुकाई विदेश लाने गरेको आरोपमा पक्राउ परिन् । यस विषयमा ब्रेजनेभ सत्तामा हुँदै केजीबीले गालिनासँग सोधपुछ गरेको थियो तर आन्द्रोपोभ सत्तामा पुगेपछि गालिना, युरी र ब्रेजनेभका साला युरी चुर्बानोभ सबैले दण्ड पाए ।

ब्रेजनेभ सन् १९८२ मा ७५ वर्ष भइसकेका थिए । छोराछोरी र ज्वाइँका हर्कतका कारण उनी सिकिस्त बिरामी परे । नोभेम्बर १० को बिहान भिक्टोरिया ब्रेजनेभ पल्टिराखेको पलङमा चढिन् । उपरखुट्टी लगाएर बसिन् र नास्ता खान थालिन् । उनी पति निदाइरहेको होला भनेर ढुक्क थिइन् । ब्रेजनेभले यो धरती छोडिसकेको उनले चाल पाउन सकिनन् । भोलिपल्ट बिहान ७:१५ बजे नियमित कार्यक्रम पप संगीत कार्यक्रम प्रसारण भइरहेका बेला राष्ट्रिय टेलिभिजनले अचानक गीत संगीत रोकी लेनिन सम्बद्ध डकुमेन्ट्री प्रसारण गर्न थाल्यो । समाचारवाचकहरु पनि युनिफर्मबिना सादा पोशाकमा उपस्थित भए । सबै मान्छे अलमलमा परे आखिर के हुँदैछ ? एकछिनपछि वरिष्ठ समाचारवाचक इगोर किरीलोभ आँसु पुछ्दै देखा परे । उनैले राष्ट्रपति ब्रेजनेभको निधन भइसकेको समाचार सुनाए ।

ब्रेजनेभको शव तीन दिनसम्म रेड स्क्वाएरमा राखियो । त्यसपछि पत्नी भिक्टोरिया सार्वजनिक भइन् । उनले शोकसभामा मन्तव्य दिइन् । सबैले ब्रेजनेभले पार्टी र देशलाई दिएको योगदानको चर्चा गरे । १५ नोभेम्बरमा अन्त्येष्टिको कार्यक्रमको आयोजना गरियो । लेनिन र स्टालिन सरह सम्मान दिइयो । शव रेडस्क्वायरमा रातो कार्पेट बिछ्याएर लगियो । अन्तिम सम्मानका लागि कफिन बक्स्स खोलिएपछि भिक्टोरिया अघि बढिन् । निहुरेर शबको निधार चुमिन् । नयाँ नेता आन्द्रोपोभले पनि त्यसै गरे । अन्त्येष्टि कार्यक्रममा ३२ देशका राष्ट्रपति, १५ देशका प्रधानमन्त्री, १४ देशका विदेशमन्त्री र चारजना युवराज उपस्थित थिए ।

ब्रेजनेभको निधन भएको केही समयपछि नै उनको आलोचना सुरु भयो । नयाँ नेता आन्द्रोपोभले ब्रेजनेभले रुसमा नोकरशाहीतन्त्र, नातावाद र कमिशनतन्त्र भित्र्याएको, अर्थतन्त्रलाई ध्वस्त पारेको आरोप लगाए । १८ वर्षको ब्रेजनेभ शासनकाल 'कालो युग' भएको बताए । सन् १९८८ मा ब्रेजनेभ पत्नी भिक्टोरियालाई सरकारी निवास छोड्न लगाइयो । सेवासुविधा, कामदार सबै खोसियो । राष्ट्रपति हुँदा ब्रेजनेभले पाएका पदक र उपहार सबै खोसेर लगियो । ब्रेजनेभले लेखेका पुस्तकको रोयल्टी रोकियो । भिक्टोरिया अदालतको शरणमा पुगिन् ।

अदालतले मासिक ३० डलर पेन्सन दिने निर्णय सुनायो । उनी ब्रेजनेभको पुरानो घरमा बस्न गइन् जुन पाँच कोठाको थियो । १३ वर्षसम्म उनले न्यूनतम पेन्सनको भरमा त्यही घरमा जीवन गुजारिन् । उनी सुगरको बिरामी भइन् । इन्सुलिन लिने पैसा भएन । न त सरकारले हेर्‍यो न जनताले । अन्तमा सुगरका कारण उनका दुवै आँखाको ज्योति गुम्यो । सन् १९९५ जुलाई ५ मा ८७ वर्षको उमेरमा भिक्टोरियाले सदाका लागि आँखा चिम्लिन् । छोरी गालिना सन् १९८८ मा मेन्टल हस्पिटलमा बितिन् । छोरा युरिनको प्राणान्त ६ वर्षअघि मात्र भयो ।

# रेसुङ्गा धार्मिक पर्यटनस्थल

visit nepal 2020 Lifetime Experiences



गुल्मी जिल्लाको प्रदेश नंम्बर ५ मा अवस्थित रेसुङ्गालाई आध्यात्मिक तपोभूमिको रुपमा चिनिन्छ । त्यस क्षेत्रमा धेरै ऋषि महर्षिहरुले तपस्या गरेका थिए । विभाण्डक ऋषिका छोरा ऋष्यशृङ्गले तपस्या गरेको ठाउँ नै गुल्मीको रेसुङ्गा हो । रेसुङ्गालाई आध्यात्मिक र धार्मिक तपोभूमि भनिन्छ ।

गुल्मी सदरमुकाम तम्घासबाट सात किलोमिटर रमणीय पहाडी श्रृखलाको ग्राभेल मोटरबाटो हुँदै रेसुङ्गा तपोभूमी पुगिन्छ । समुन्द्र सतहबाट २ हजार तीन सय ४७ मिटरको उचाइमा रहेको रेसुङ्गा तपोभूमी जैविक विविधताले भरिपूर्ण रहेको छ ।

रेसुङ्गाको तपोभूमि ऐतिहासिक स्थल हो । स्वामी शशिधर, लक्ष्मीनारायण तथा यदुकानन्दको तपोभूमि रेसुङ्गामा धार्मीक मठ मन्दिरहरु, प्यागोडा शैलीमा निर्माण गरिएका यज्ञशाला, होमकुण्ड, शिवलिङ्ग धार्मीक महत्वले रेसुङ्गाको ऐतिहासिक धार्मीक महत्वलाई उजागर गरेको छ ।

अयोध्याका राजा दशरथलाई पुत्रलाभ गराउने थलो र भगवान रामले बाण हानेर पानी निकालेको कुँवासँग रेसुङ्गाको धार्मिक आस्था र प्राचिनता जोडिएको छ । रेसुङ्गामा श्रीरामले बाण हानेर पानी निकालेको पोखरी आजपनि देख्न सकिन्छ । जुन पोखरी हिउँदमा सुक्दैन र बर्षायाममा पनि बगेर बाहिर जादैन ।

धार्मीक आस्थाका पर्यटकहरुलाई दर्शन गर्न रेसुङ्गामा विष्णुपादुका, शिवालय, राधाकृष्ण मन्दिर, गरुडस्थान, पोखरी, पाटी पौवा, धर्मशाला, गौशाला आदि रहेका छन् । रेसुङ्गा वरि परी रहेका मन्दिर र तालको दर्शन, पूजा र स्नान गर्नाले सम्पूर्ण मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ ।

पहाडी जिल्लामा गुल्मी रमणीय जिल्ला मानिन्छ । रिडिखोला र कालीगण्कीको संगम स्थल रिडि वजार, थाप्लेलेक,धारदिनेगुफाजस्ता रमणीय स्थलहरु गुल्मीमा पर्दछन । भ्रमणको लागी इस्मा, धुर्कोट, चारपाला, बलेटक्सार, पुर्कोट, जस्ता ऐतिहासिक स्थल छन । मदानेको लेख, लुम्पेकको लेक, वामीको लेक, अग्लुङको लेक, रानीवन, सिद्धबाबाको डाँडा जस्ता प्राकृतिक स्थलहरु भ्रमण गर्न सकिन्छ ।

वुटवल देखि पाल्पा तानसेन हुँदै तम्घाससम्म ११५ किलोमिटरको दुरी रहेको छ । पाल्पाको तानसेनबाट तम्घास ७५ किलोमिटरमा पर्दछ । तानेनबाट रिडी ३० किलोमिटर र रिडी देखि तम्घास ४५ किलोमिटरको दुरीमा रहेको छ । तम्घास पुगेपछि रमणीय पहाडी श्रृखलाको उकालो सात किलोमिटर ग्राभेल सडकपार गरेपछि रेसुङ्गा तपोभूमी पुगिन्छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

प्रेरक

## बुद्धको प्रवचन

एकपटक भगवान् बुद्धले एक स्थानमा प्रवचन दिनु थियो। निर्धारित समयमा प्रवचन स्थलमा मानिस भेला भए। लगभग एक सय ५० श्रोता उपस्थित थिए। तोकिएकै समयमा बुद्ध पनि प्रवचन स्थलमा उपस्थित भए। उनले दर्शक, श्रोतातिर ध्यानपूर्वक हेरे र केही नबोली त्यहाँबाट बाहिरिए। दर्शक, श्रोता उनको यस्तो व्यवहार देख्दा छक्क परे। तर, केही पनि बोलेनन्।

दोस्रो दिन पनि त्यही स्थानमा तिनै दर्शक, श्रोता बुद्धको प्रतीक्षामा थिए। दोस्रो दिन झन्डै सयजनाजति उपस्थित थिए। निर्धारित समयमा बुद्ध प्रवचन स्थलमा पुगे। तर, उनले दोस्रो दिन पनि दर्शक, श्रोतालाई ध्यानपूर्वक हेरे मात्र, केही बोलेनन्। बुद्ध केही नबोली हिँडेपछि दर्शक, श्रोता केही खिन्न् भए। केही श्रोता मनमनै आक्रोशित भए पनि प्रत्यक्षतः भने केही बोलेनन्।

तेस्रो दिन प्रवचन स्थलमा करिब ६० दर्शक, श्रोता उपस्थित भए। बुद्ध तोकिएकै समयमा आइपुगे। यताउता हेरे र चुपचाप प्रवचन स्थलबाट बाहिरिए। चौथो दिन दर्शक श्रोताको संख्या थप केही घट्यो। बुद्ध आए, गए। उनी केही पनि बोलेनन्। पाँचौं दिन दर्शक, श्रोताको स्थानमा जम्मा १४ जना बाँकी रहे। बुद्ध निर्धारित समयमा आए। र, प्रसन्न् भएर प्रवचन सुरु गरे। १४ श्रोता बुद्धको प्रवचनसँगै उनका शिष्य बन्न् तयार भए।

ती १४ मध्ये कसैले बुद्धसित प्रश्न पनि गरे- भगवान्, हजुरले हिजोअस्ति चार दिनसम्म केही बोल्नुभएन। तर, आज एकाएक बोल्नुभयो। यसको कारण के हो ? उनको प्रश्न सुनेर हल्का मुस्कुराउँदै बुद्धले भने- मलाई भिड होइन, धैर्यपूर्वक काम गर्ने मानिस चाहिएको थियो। यहाँ तिनै व्यक्ति टिकेका छन्, जसमा धैर्य छ। केवल भिड जम्मा गर्दैमा संसारमा कुनै पनि धर्म फैलिँदैन। त्यसलाई बुझ्ने मान्छे चाहिन्छ। भिड जम्मा गरेर तमासा देखाउँदैमा केही हुनेवाला छैन।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सुखद् समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । बोलीको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ । आर्थिक क्रियाकलापमा समेत मनग्गे फाइदा हुनेछ ।

### बृष

पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

### मिथुन

फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। समय दिन नसक्दा काम बिग्रन सक्छ । पछिका लागि लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ। पहिले आक्षेप लगाउनेहरूले समेत समर्थन गर्न थाल्नेछन् । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ । टाढिएका शुभचिन्तकहरू नजिकिन सक्छन् ।

### कर्कट

परिश्रमको फल प्राप्त हुनेछ। दिगो फाइदा हुने काममा लगानी गर्ने मौका छ। आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। व्यापार तथा साझेदारीमा पनि फाइदा हुनेछ। आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन् । पहिलेको सफलताले हौसला जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

### सिंह

विशेष अवसर प्राप्त हुनुका साथै नाम, दाम र इनाम हातलागी हुने समय छ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । पछिसम्मका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा उठाउन सकिनेछ । रुचिका विषयमा लगानी बढाउने समय छ।

### कन्या

मिहिनेतले जिम्मेवारी दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । रोकिएका काम सम्पादन हुनेछन् । विशेष जिम्मेवारी प्राप्त हुनेछ। सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ। भेटघाटले महत्त्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ। मिहिनेत गर्दा सम्मानित स्थान प्राप्त हुनेछ । समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ।

### तुला

बेसुरमा काम गर्ने बानीले समस्या निम्त्याउन सक्छ । समयमा गम्भीर नबन्दा दुस्ख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। गोपनीयता बाहिरिनाले समस्या पर्ला । बाध्यात्मक परिस्थितिले सताउन सक्छ। अरूका काममा अमूल्य समय खर्चनुपर्ला।

### बृश्चिक

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । अर्थअभावले सताउन सक्छ । लोकाचारका लागि पनि भोगविलासका वस्तु जुटाउनुपर्ला । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ । वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। तापनि, प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

### धनु

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ। व्यापार तथा अर्थलाभ हुने काममा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

### मकर

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सहपाठीहरू पछि पर्नेछन् भने मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा फाइदा र पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ। चिताएका काम सम्पादन हुनेछन्।

### कुम्भ

अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । तर धेरै समर्पणले पनि उपलब्धि गुम्न सक्छ, सजग रहनुहोला। बुद्धिको उपयोगले मात्र लक्ष्य प्राप्त हुनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । साइनो गाँस्नेहरूले अप्ठ्यारो पार्न सक्छन् । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ।

### मीन

कामको उच्च मूल्यांकन हुनेछ भने लगनशीलताले विशेष अवसर दिलाउनेछ । रोकिएका काम बन्नुका साथै नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन्।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Gregarious = मिलनसार । सबैले मनपराउने For his gregarious way of dealing, there is hardly someone who does not like him (मिलनशार र सबैले मनपराउने किसमको व्यवहार गर्ने हुंदा उस्लाई मननपराउने सायद कमै होलान)

Homeostasis = तुलानात्मक किसिमबाट सन्तुलन कायम गर्न सक्ने प्रणाली It is difficult to maintain body's ability to homeostasis with defective immune system (कमजोर प्रतिरक्षात्मक क्षमताको कारणले शरिरको सन्तुलन कायम गर्ने प्रणलनी कठीनतम हुन जान्छ)

Impede = वाधक बन्नु The unnecessary discussion may impede the decision in time (अनावश्यक छलफलले समयमा नै निर्णय लिनलाई वाधा पुर्‍याउन सक्तछ)

Jaunt = छोटो भ्रमण A quick jaunt does not help understand the people and place (छोटो भ्रमणले ठांउ र मानिसहरूबारे जान्न मध्दत गर्दैन)

Kleptomaniac = चोरी गर्ने वानी The ambassador found kleptomaniac when he was caught for stealing a book (किताव चोरिएकोमा समातिए पछि मात्रै मानिसहरूले थाहापाएकि राजदूतमा चोरी गर्ने वानी रहेछ भनेर )

Levee = ढुंगा वा माटोले बनाएको डिल As the flood was about to overflow the levee, people reinforced it with sandbags (जव वाढी बढेर डिल पनि नाघ्न लाग्यो तव जनताहरूले वालुवाको वोरा थपेर डिललाई बलियो बनाए)

Metamorphosis = रुप बदलिने The metamorphosis of caterpillar to butterfly is a typical in animal life (झुसिलकिराबाट पुतलीमा रुप बदलिनेकुरा प्राणी जगतको एकअनौठो कुरा हो)

Niggle = अर्थ न वर्थको कुरामा समय खेरा फाल्ने If we niggling we may not be able to arrive at consensus (अर्थ न वर्थको कुरामा समय खेरा फाल्ने हो भने हामी सहमतिमा आइपुग्न सक्नेछैनौं )

Opprobrium = सार्बजनिक रुपमा गरिएको बेइज्जती। लान्छना As he always relies on record, he did not feel like defending himself against the opprobrium made by the newspapers (तथ्यलाई मात्र आधार मान्ने हुंदा पत्रपत्रिकाहरूले उनी माथि लगाएको लान्छनाको बाट आफूलाई सुरक्षित पार्नुपर्ने दरकार उन्ले महसुस गरेनन्)

Perennial = सदावाहर । लामो समय सम्म टिक्ने The pumpkin plants are not perennials (फर्सिको बोट (लहरा) हरू धेरै लामो समयसम्म टिक्दैनन् सिजन सक्नासाथ मर्दछन् )

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Call somebody to mind = कसैलाइ संझाउनु I called him to mind the appointment with the docter मैले उस्लाई डाक्टरसंग लिएको समय संझाए ?

Call something to mind = केही कुराको संझना गराउनु He called his birthday our mind उस्ले उस्को जन्मदिन वारे हामीलाई संझना गरायो ।

Feel called to = वोलाइएको महशुस गर्नु He never feels called to this company उ कहिले पनि यो कंपनीमा वोलाइएको महसुस गर्दैन ।

Call somebody's bluff = धम्कि दिनु He is not afraid of calling my bluff मैले दिएको धम्किले उ पटक्कै डराउदैन।

Call a halt to = रोक्नु Lets call a halt to this meeting immediately यो बैठकलाई तुरन्तै यहि रोकौं।

Call something into being = यथार्थमा वदल्नु I call this concept into being म यो विचारलाई यथार्थमा वदल्छु।

Call something into play = केन्द्रित गर्नु Chess is a game that calls one's concentration all into play चेस यस्तो खेल हो जस्ले सबै ध्यानलाई एकै ठाउमा केन्द्रित गर्छ।

Call something in question = संका गर्ने ठाउ हुनु His honesty has always been called in question उस्को इमान्दारिताका सधै शंका गर्ने ठाउ हुन्छ।

Call it a day = विदा लिनु After forty years in sports he thinks it's time to call it day चालिस वर्ष खेलकुद क्षेत्रमा विताइसकेपछि उस्ले यो क्षेत्रबाट विदा लिदैंछ।

Call something one's own = आफ्नै ठान्नु He has nothing he can call his own उस्ले आफनै ठान्ने केहि चिजनै छैन।

### सुडोकु–अंक १७८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | ३ | | | | | ८ |
| | १ | | | | | | | |
| | | ६ | | ९ | | | | |
| | ७ | | २ | | | ८ | १ | |
| २ | | | ५ | | ४ | | | ६ |
| | ४ | १ | | | ७ | | ८ | |
| | | | | ६ | | ३ | | |
| | | | | | | | ७ | |
| ४ | | | | | ३ | | | २ |

### अंक १७७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | ३ | ९ | ७ | १ | ५ | ६ | ८ |
| ९ | ८ | ७ | ३ | ६ | ५ | ४ | १ | २ |
| ५ | ६ | १ | ८ | ४ | २ | ९ | ३ | ७ |
| ७ | ९ | २ | ५ | ८ | ६ | १ | ४ | ३ |
| ८ | १ | ४ | ७ | ३ | ९ | २ | ५ | ६ |
| ३ | ५ | ६ | १ | २ | ४ | ७ | ८ | ९ |
| ६ | ४ | ९ | २ | ५ | ३ | ८ | ७ | १ |
| १ | ७ | ५ | ६ | ९ | ८ | ३ | २ | ४ |
| २ | ३ | ८ | ४ | १ | ७ | ९ | ६ | ५ |

## समाचार संक्षेप

### लागूऔषधसहित पक्राउ

काठमाडौं । वीरगन्ज महानगरपालिका १६ नगवा पोखरीबाट अवैध लागूऔषध चरेश करिब ३ केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा धादिङ गजुरी गाउँपालिका ८ बस्ने ३४ वर्षीय नचेङ तामाङ र भारत कलकत्ता मेचिया बुरुस घर भएका ४३ वर्षीय शेफ खान रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरुलाई जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### किर्ते मुद्दाका फरार पक्राउ

काठमाडौं। जिल्ला अदालत धादिङको २०७३ पुस २३ गतेको फैसलाले सरकारी छाप दस्तखत किर्ते मुद्दामा ७५ हजार रुपैयाँ जरिवाना भई फरार रहेकी प्रतिवादी नेत्रावती डबजोङ गाउँपालिका २ बस्ने २२ वर्षीया प्रेम माया तामाङलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धादिङबाट फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत खटिएको प्रहरीले उनलाई पक्राउ गरिएको हो । तामाङलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत धादिङमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

### ५ जुवाडे पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका २९ अनामनगर बस्ने डिलकुमार लामाको कोठामा जुवातास खेलिरहेको अवस्थामा काठमाडौं अनामनगर बस्ने ४६ वर्षीय प्रेमराज शर्मा लगायत ५ जनालाई नगद ९४ हजार रुपैयाँ र तास सहित प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त सिंहदरबारबाट खटिएको प्रहरीले उनलाई जुवातास खेलिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

### दुर्व्यवहार अभियोगमा पक्राउ

काठमाडौं । १३ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा काठमाडौं महानगरपालिका(६ बौद्ध रामहिटी बस्ने २४ वर्षीय सोनाम दोर्जेलाई प्रहरीले पक्राउ गरेको छ। दोर्जेले ती बालिकालाई यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### भरुवा बन्दुक बरामद

काठमाडौं । बर्दिया, गुलरिया नगरपालिका १२ भवानी सामुदायिक वनबाट बेवारिसे अवस्थामा रहेको भरुवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी गणेशपुरबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

बैतडी, दशरथचन्द नगरपालिका(२ ग्वाल्लेकस्थित ग्वाल्लेक जंगलको ओडारमा चुन्नीले बेरेर लुकाई छिपाई राखेको अवस्थामा रहेको भरुवा बन्दुक १ थान मंगलबार दिउँसो प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी देहिमाण्डौबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो।

### दुर्घटनामा २ को मृत्यु

काठमाडौं । गढी गाउँपालिका ४ बन्दडाँडास्थित सडकमा बा.४ ख ३६५५ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही स्थान बस्ने ३४ वर्षीय दिपक पाख्रिनको घटनास्थलमै मृत्यु भएको छ । फरार टिपर चालकको प्रहरीले खोजी गरिरहेको छ। यसैगरी मकवानपुर, हेटौंडा उपमहानगरपालिका ९ स्थित सडकमा ना.४२ प ७५०६ नम्बरको मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी पैदलयात्री हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ४५ वर्षीया महिलाको हेटौंडा अस्पतालमा उपचारको क्रममा मंगलबार राति मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक पर्सा पर्सागढी नगरपालिका ६ बस्ने ३० वर्षीय कन्चन ठाकुरलाई उपचारको लागि भरतपुरतर्फ लगिएको छ भने मोटरसाइकलमा सवार चितवन भरतपुर महानगरपालिका(१० बस्ने ३५ वर्षीया शर्मिला थापाको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ।

### आगलागीबाट धनमाल नष्ट

काठमाडौं । सर्लाही, बसबरिया गाउँपालिका ३ बंगलवा बस्ने दिपेन्द्र साहको घरमा आगलागी हुँदा घर पूर्णरुपमा जलेर करिब २ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । कैलाली, धनगढी उपमहानगरपालिका ३ पुरानो भन्सार रोड बस्ने ४५ वर्षीय बसन्त राज जोशीको टिनले छाएको जोशी फर्निचर उद्योगमा बिद्युत सर्ट भई आगलागी हुँदा उद्योगभित्र रहेका मेसिन, काठ लगायतका सामान पूर्णरुपमा जलेर करिब २५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

## दुराचारी चन्द्रमाया बाँच्नै छैनन्

**उद्धवप्रसाद गौतम**

युरोप, दक्षिण, उत्तर अमेरिकी मुलुकहरुमा ५०० भन्दा बढी प्राचीन ऐतिहासिक, प्राकृतिक आदिबासीको भूमि र आवास क्षेत्रहरु रहेको देखिन्छ । एकै थलो ठाउँ भूमिमा निरन्तर अनादि कालदेखि बसोबास, पेसा, व्यवसाय गरी प्राकृतिक जीवन निर्वाह गर्नेहरुलाई मात्र आदिबासी मानिने परम्परा छ । आफ्नो मौलिक संस्कार, संस्कृति, रहनसहन, भाषा, बोली व्यवहार आचरण, चरित्र, नैतिकता सभ्य भएका भूमिपुत्र पुत्रीहरु प्राकृतिक आदिबासी मानिन्छन्। बसाइसराइँ आउने जाने डुलन्ते फिरन्ते घुमन्ते रमन्ते भोगविलासी वर्ग, सम्प्रदाय र समाजलाई युरोप, अमेरिकामा, प्राकृतिक आदिबासी मानिने छैन । संयुक्त राज्य अमेरिकामा मात्र 'माया' नेटिभ' सभ्यताहरुदेखि विभिन्न सभ्यता, संस्कार संस्कृतिको पालना गर्ने २७ प्रकारभन्दा बढी प्राकृतिक आदिबासीहरु रहेका छन्। यस्तै दक्षिण अमेरिकी महादेश, क्यानडा र युरोपका २५ भन्दा बढी देशहरुमा प्राचीन सभ्य प्राकृतिक आदिबासी रहेको देखिन्छ। उनीहरुको संस्कार, संस्कृति र प्राकृतिक आचरण नीति, सिद्धान्त ज्ञानहरु सबैका लागि अनुकरणीय छन् । उनीहरुका अनुसार प्राकृतिक आदिबासीहरुलाई जीवनभर रोगहरु लाग्ने छैन । उनीहरु आआफ्नो रोगको आफैंले प्राकृतिक औषध उपचार गर्नेछन्। प्राकृतिक आदिबासीहरु प्रचण्ड गर्मी घाम पानी ताप ठण्डा चिसो सबै प्रकारका हावापानी र भूमिको बिजेता हुन्छन् । उनीहरु प्राकृतिक पवित्र गर्भाधान गर्न । जन्ममा विश्वास गर्छन्। उनीहरुले भ्रष्ट र दुराचारी युवायुवती, महिला पुरुषले सन्तान जन्माउन हुँदैन भन्ने मान्यताहरु राखेका हुन्छन् । भ्रष्टाचारी र वेश्यागामी यौन उन्मादीका सन्तान पनि वेश्या, भ्रष्ट, हिंसा आतंककारी र ज्ञान गुण आचरणरहित हुन्छन् भन्ने उनीहरुका प्राकृतिक मान्यता र विश्वासहरु छन् । उनीहरु जीवनभर निरोगी बाँची दीर्घजीवन जवान रही मर्ने सोचविचार कल्पना गर्छन्। यसैले उनीहरु वेश्यागमन यौन दुराचार, भष्टाचार र शोषणहरु मुक्त समुदाय समाजको विश्वास चाहन्छन्।

युरोप अमेरिकी महादेशका सभ्य आदिबासीहरु अहिले पनि पवित्र दैवी र प्राकृतिक मानवहरुको सृष्टि र विकासको पक्षमा छन् । विभिन्न युगका सबै ग्रह उपग्रहहरु र नक्षत्रहरुको ज्ञान गुण विशेषताहरुका ज्ञाता मानव सृष्टि गरी सबैजसो ग्रहहरुमा मानव बसोबास गराउन सकिने उनीहरुका विचारहरु छन् । तीन लोक चौध भुवनको सम्बन्धमा पनि उनीहरुका प्राकृतिक ज्ञान र अनुभवहरु रहेको देखिन्छ । मंगल चन्द्रमा लगायत चिसा ग्रह उपग्रहमा प्राकृतिक र दैवी मानवहरु मात्र बस्न र बाँच्न सक्ने उनीहरुको विश्वास छ। हिम मानव र वन मानव जस्ता प्राकृतिक अदृश्य र दृश्य सहितका प्राकृतिक आदिबासी मानवहरुको सृष्टिका प्राचीन संस्कार, संस्कृति र सभ्यताहरुको खोजीमा अहिले अमेरिकी आदिबासी समेत लागेको देखिन्छ । यौन उन्मादी यौन दुराचारी, भ्रष्टाचारी, पापी, अपराधी, अन्यायी अत्याचारी फिरुन्ते डुलन्ते र रमन्ते, घुमन्तेबासीहरु दैवी र प्राकृतिक मानव सिद्ध हुन सक्ने छैनन् भन्ने सत्य छ।

# शब्दचित्रमा कृष्णहरि बाँस्कोटा













| | | |
|---|---|---|
| **नाम** | : | कृष्णहरि बास्कोटा |
| **पद** | : | प्रमुख सूचना आयुक्त |
| **जन्म मिति** | : | २०१५/११/१५ |
| **शैक्षिक योग्यता** | : | एम.ए.वि.एल.(नेपाल) व्यवस्थापनमा पोष्ट ग्राजुएट डिप्लोमा (इटाली) अर्न्तराष्ट्रियस्तरको सम्पति मूल्यांकन कोर्ष (मलेशिया) |
| **तालिम लिएका देशहरू** | : | अमेरिका, इटाली, स्वीट्जरल्याण्ड, जापान, मलेशिया, सिङ्गापुर, थाईलैण्ड, दक्षिण कोरिया, इण्डोनेशिया, चीन, पाकिस्तान, भारत, आदि |

**उल्लेख्य कार्यहरू/विशेष परिचय**

१. राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्त भई सूचनाको हकको जग बसाएको ।
२. प्रधानमन्त्रीको कार्यालयको सचिव हुँदा काठमाण्डौंको सडक बिस्तार गरेको ।
३. अर्थसचिव हुँदा नेपाललाई कालोसूचीबाट जोगाएको ।
४. राजस्व सचिव हुँदा सर्वाधिक राजस्व असुली गरेको ।
५. वाणिज्य विभागको महानिर्देशक पदमा रहँदा सो विभागलाई नेपालकै नमुना सरकारी कार्यालय तुल्याएको ।
६. भन्सार विभागको महानिर्देशक पदमा रहँदा विगत ७ वर्षमा लक्ष्यअनुसार असुली हुन नसकेको भन्सार राजस्व लक्ष्यअनुसार असुली गरी नयाँ रेकर्ड कायम गरेको साथै भन्सार विभागमा तीन वर्षे भन्सार सुधार योजना लागु गरेकोलगायत व्यापक सुधार गरिएको ।
७. प्रशासनमा गरिएका नविनतम् सुधारहरुका विषयमा मन्त्रिपरिषद् सचिवालयद्वारा आयोजित सचिवहरुको अर्न्तक्रिया कार्यक्रममा विशेष कार्यपत्र प्रस्तुत गरेको र सोहिअनुरुपको सुधार प्रक्रिया थालनी गरिएको ।
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा आयोजित विभिन्न गोष्ठीहरुमा नमुना प्रशासकको रुपमा गरिएका सुधारका प्रयासहरु प्रस्तुत गरी नेपाल अधिराज्यभरीका सरकारी कार्यालयहरुमा प्रशासनिक सुधारको मार्गचित्र प्रस्तुत गरी कार्यालय प्रमुखहरुलाई सुधारका लागि उत्प्रेरित गरिएको ।
९. भन्सार विभागमा महानिर्देशक हुँदा तयार गरिएको 'भन्सार कार्यविधि' अन्य ४८ वटा विभागका लागि नमुना भई कुल ४९ वटा विभागको कार्यविधि तयार भई लागू भएको ।

**विभूषण/पुरस्कार**

१. भ्रष्टाचार नियन्त्रण गर्न विशेष योगदान पु-याएवापत प्रो-पब्लिकद्वारा विशेष सम्मान ।
२. नागरिक मित्रवत् भई काम गरेवापत नेपाल चेम्बर अफ कमर्शद्वारा विशेष सम्मान ।
३. सुधारवादी प्रशासकको रुपमा समाजमा प्रतिष्ठा आर्जन गरेबापत विभिन्न संस्थाद्वारा विशेष सम्मान ।
४. सरकारी क्षेत्रमा : राष्ट्रपतिबाट तक्मा प्राप्त गरेको ।

**पुस्तक लेखन/कार्यपत्र प्रस्तुति**

१. सामान्य ज्ञान, नेपाल परिचय, नेपालको अर्थशास्त्र लगायतका क्षेत्रमा २६ वटा पुस्तक प्रकाशित ।
२. करिब एक हजार लेख प्रकाशन ।
३. नेपाली प्रशासनको पच्चीस वर्षे भविष्यपरक दृष्टिकोण, नेपाली प्रशासनको वर्तमान स्थितिलगायत थुप्रै समसामयिक राष्ट्रियस्तरमा अनुसन्धान प्रतिवेदन तयार गरेको ।
४. करिब १०० वटा राष्ट्रियस्तरका गोष्ठीमा कार्यपत्र प्रस्तुत गरेको ।

**सुशासन अभिवृद्धिमा योगदान**

१. नागरिक बडापत्र लागू गरेको ।
२. नतिजामूलक कार्यतालिका लागू गरेको ।
३. दुई घण्टे सेवा प्रारम्भ गरेको ।
४. सेवाग्राहीका लागि नमूनामूलक Help Desk खडा गरेको ।
५. प्रत्येक शाखा/शाखाको नाम, काम, लाग्ने समय, पेस गर्नुपर्ने कागजात आदिको पारदर्शिता प्रारम्भ गरेको ।
६. मासिक उत्कृष्ट कर्मचारी र कार्यालय छनौट गर्ने मापदण्डहरु लागू गरेको ।
७. सेवाको बजारीकरणमा जोड दिएको, आफूले काम गरेको संगठनलाई सदैव नागरिक समाजको नजरमा सुशासनको दृष्टिकोणले उत्कृष्ट कार्यालय ठहर गराउन सफल रहेको ।
८. आफूले सेवा गरेको निकायलाई सरकारी क्षेत्रमा नमूना कार्यालयको रुपमा प्रस्तुत गर्न सफलता हासिल गरेको ।
९. कार्यालय कार्यविधि र दिग्दर्शन तयारीमा अन्य निकायका लागि अनुकरणीय हुने गरी कार्य गरेको ।
१०. निजामती प्रशासकका हैसियतले प्रशासनिक क्षेत्रमा आवधिक योजनासमेत तयार गरी सुधार गर्न सकिन्छ भन्ने प्रमाणित गरी 'सुधारवादी प्रशासक' को उदाहरण प्रस्तुत गरेको ।

**विशेष पहिचान**

१. निर्भिक, निष्पक्ष र निष्कलंकको अलावा सफल सुधारवादी प्रशासकको पहिचान निर्माण गरेको ।
२. कुटनीतिक मामलामा राष्ट्रिय हित अनुकुल वार्ता गर्न सक्षम प्रशासकको रुपमा खरो उत्रिएको ।
३. नेतृत्व सम्हाल्न सक्ने क्षमता सार्वजनिक रुपमा पहिचान गराएको ।
४. प्रशासन सुधारका क्षेत्रमा विशेष भूमिका निर्वाह गर्न सक्ने बौद्धिक क्षमता पहिचान भएको ।
५. विशेष निष्ठावान, अत्यन्त लगनशील, सादा जीवन उच्च विचार एवं कठोर अनुशासनमा रही राष्ट्रको सेवामा सदैव दत्तचित्त रहिआएको एवं रहिरहने प्रतिबद्धता भएको ।

## बिग मर्जरपछि विदेशमा शाखा खोल्ने नेपाली ब्यांकको योजना

सिड्नी । नेपालमा हालै बिग मर्जर गरेका ग्लोबल आइएमइ बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको वातावरण निकै राम्रो बन्दै गएको बताएका छन् । सिड्नीमा आयोजित एक अन्तरक्रियामा बोल्दै उनले अस्ट्रेलियामा भएका नेपाली लगानी कर्तालाई आफ्नो ब्यांक उपयुक्त सहजकर्ता हुन सक्ने बताए ।

उनले गैर आवाशीय नेपालीहरुको समेत लगानी निर्माण हुदै गरेको दोर्दी जलाबिध्युत आयोजना छिट्टै संचालनमा आउने पनि बताए । उनले हाल अस्ट्रेलिया लगाएत भारत , बेलायेत , मलेसिया र जापान मा सम्पर्क कार्यालय रहेको आफ्नो ब्याङ्क को अस्ट्रेलिया मा शाखा खोल्ने तयारि सुरु भएको पनि बताए ।

नेपालमा प्रदेश(प्रदेशहरु र स्थानिय सरकारहरुबीच बिकासमा प्रतिस्पर्दा पनि सुरु भएकाले लगानी का सम्भावनाहरु झन् बढेर गएको उनले बताए । आफ्नो समुह ले चन्द्रागिरि केवल कार तथा रिसोर्ट जस्तै परियोजना अन्य सात राज्यमा पनि निर्माण गर्न लागेको उनको भनाइ थियो । अन्तरक्रियामा गैर आवाशीय नेपाली संघको अन्तरास्ट्रिय समितिका उपाध्यक्ष मन के सी ले आफ्नो सस्था दश अर्ब बराबरको गैर आवाशीय नेपालीहरुको संयुक्त कोष निर्माण गर्ने तयारीमा रहेको बताए । उक्त कोष निर्माण संगै नेपालमा गैर आवाशीय नेपाली हरुको ठुलो तथा सयुक्त लगानी सुरु हुने बताए । कार्यक्रममा गैर आवाशीय नेपाली संघ अस्ट्रेलियाका पूर्व अध्यक्ष गोवा कटवालले नेपालमा नीतिगत समस्या भएकाले गर आवाशीय नेपालीहरुमा लगानीको आत्माबिस्वास अझै पैदा नभएको बताए ।

नीतिगत रुपमा नेपालबाट आफ्नो लगानी वा मुनाफा कर तिरेर सहज फिर्ता ल्याउन पाइने र लगानीका लागि सहज रुपमा यहाबाट पुजी लगानी गर्न पाइने बाताबरण बनेमा गैर आवाशीय नेपाली लगाएत बैदेशिक पुजी नेपालमा भित्रन सक्ने उनले बताए । कार्यक्रममा गैर आवाशीय नेपाली संघअस्ट्रेलियाका पूर्व अध्यक्ष डिला खरेलले गैर आवाशीय नेपालीहरुले ठुलो मात्रामा संयुक्त पुजी संकलन गर्न सकेमा नेपालमा लगानी गर्न सरकारी स्तरबाट सहयोग हुने आफुलाई बिस्वास भएको भन्दै आफुहरुले पुजी संकलनमै जोड दिनु पर्ने बताए । कार्यक्रममा सिड्नीमा क्रियाशील दुइ दर्जन ब्यबशायि तथा गैर आवाशीय नेपाली अगुवा हरु उपस्थित थिए ।

## १३ औं दक्षिण एसियाली खेलकुद
## कसले कति पदक जिते ?

काठमाडौं । १० दिनसम्म चलेको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मंगलबार समापन भएको छ । यसपटक नेपालले राम्रै इतिहास रचेर ५१ वटा स्वर्ण जित्न सफल भएको छ । यसपटक २७ वटा खेल समावेश भएका थिए । आयोजक नेपालले सबै खेलहरुमा प्रतिस्पर्धा गरेको थियो भने भारतले २४ वटा खेलमा मात्रै सहभागिता जनाएको थियो । १३ औं सागमा गौरिकाले ४ स्वर्ण र २/२ वटा रजत र कांस्य जितिन् । नेपालले सबैभन्दा बढी स्वर्ण तेक्वान्दो जित्यो । तेक्वान्दोमा १२ वटा स्वर्ण र जुडोमा १० वटा स्वर्ण जितेको छ । यस्तै ६० रजत र ९६ कांस्य गरी नेपालले कूल २ सय ६ वटा पदक जितेको छ ।

भारतले १७४ वटा स्वर्ण, ९३ रजत र ४५ कांस्यसहित कुल ३१२ वटा पदक जितेको छ भने श्रीलंकाले ४० स्वर्ण, ८३ रजत र १२८ वटा कांस्यसहित २५१ वटा पदक जितेको छ । पाकिस्तानले ३१ स्वर्ण, ४१ रजत र ५९ वटा कांस्य, बंगलादेशले १९ स्वर्ण, ३२ रजत र ८७ कांस्य, माल्दिभ्सले १ स्वर्ण र ४ वटा कांस्य जितेको छ । भुटानले ७ रजत र १३ वटा कांस्य जितेको छ । १४औं साग पाकिस्तानमा हुनेछ ।

### विजेता खेलाडीलाई आकर्षक पुरस्कार घोषणा

काठमाडौं । सरकारले १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा पदक जित्ने खेलाडीलाई आकर्षक पुरस्कार प्याकेज घोषणा गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार पदक विजेता खेलाडीको सम्मानमा प्रधानमन्त्री निवास बालुवाटार बोलाएर ठूलो पुरस्कार घोषणा गर्नुभएको छ। प्रधानमन्त्री ओलीले स्वर्ण विजेतालाई ९ लाख रजतलाई ६ लाख र कांस्य विजेतालाई ३ लाख दिने घोषणा गर्नुभएको हो । यसअघि सागमा स्वर्ण जित्नेलाई ५, रजतलाई ३ र कांस्यलाई १ लाख दिँदै आएको थियो। ओलीले एक वा सोभन्दा बढी स्वर्ण पदक विजेता खेलाडीलाई ११ लाखका दरले पुरस्कृत गरिने बताउनुभएको छ।

१३ औं सागमा नेपालबाट पौडीकी गौरिका सिंहले ४ स्वर्ण, करातेका मन्डेकाजी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र गल्फका सुवास तामाङले २-२ स्वर्ण जितेका थिए।


प्रधानमन्त्री ओलीले टिमतर्फ स्वर्ण जित्ने प्रत्येक खेलाडीलाई ५ लाख र प्रशिक्षकलाई ५ लाख दिने घोषणा गरेका थिए।

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं । पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

का.जि.का. द.नं.३४६/०६९/७० गोश्वारा हुलाक दर्ता नं. १३/२०७५/७६ वर्ष ८ अंक ३२, २०७६ साल मंसिर २७ गते शुक्रबार

## समुदायमा...





यस कार्यक्रमअन्तर्गत काभ्रे र कैलाली जिल्लाका गरी १५० निरक्षर गरिव आमाहरुले साक्षर हुन, हिसाब किताब राख्न सक्ने ज्ञान पाउने मौकाको अलावा सहभागी महिला स्वयंद्वारा बचत गरिएको पुंजीमा आयोजना अन्तर्गत प्राप्त हुने बीज पुंजी समावेश गरी लघु व्यवसायमार्फत आय आर्जन गर्न सक्षम हुनेछन् । ६ समूह संचालनको लागि फ्रेन्ड्स अफ नेपाल आडेलाइड अष्ट्रेलियाले दुई समूहको लागि र रोटरी क्लव ब्राउन हिल क्रिक आडेलाइड अष्ट्रेलियाले चार समूहको लागि वित्तिय सहयोग जुटाएका छन । उक्त परिचयात्मक कार्यक्रमहरुमा आफ्नो मन्तब्य राख्दै कोषाध्यक्ष ढकालले स्वरोजगार शिक्षा कार्यक्रम वाल विकास समाजको अत्यन्तै सफल कार्यक्रम भई यसले ग्रामीण तथा शहरी क्षेत्रमा रहेका गरिब तथा निरक्षर आमाहरुमा भएको निरक्षरता र बेरोजगारी उन्मूलन गर्न सफल भएको र यस्तो कार्यक्रम स्थानीय सरकारहरुले बाल विकास समाजमार्फत संचालन गर्ने हो भने चाँडै नै नेपालबाट महिलामा हुने निरक्षरता र गरिबीको अन्त्य हुने बताउनुभयो ।

कार्यक्रममा आमन्त्रित स्थानीय सरकार, सहकारी समूह, क्लवका प्रतिनिधिहरुले बाल विकास समाजको उक्त कार्यक्रम आआफ्नो क्षेत्रमा सफल बनाउन आफूहरुले सकेको योगदान गर्ने कुरा बताउनुभएको थियो ।

## मालेमा...

रविन बराल, कृष्णप्रसाद पाठक र टेकराज खत्री नेकपा मालेमा प्रवेश गरेका छन् । उनीहरुलाई नेकपा मालेका सुदूर प्रदेश इन्चार्ज सुरेन्द्र ढकाल तथा सचिव परेक रावलले टीका लगाइ र फूलमाला पहिराइ पार्टीमा प्रवेश गराएका थिए । नव प्रवेसी र पुराना कार्यकर्ताको लागि नेकपा माले प्रदेश कमिटीले गत मंसिर २५ गते प्रारम्भिक प्रशिक्षणको आयोजना पनि गरेको थियो । उक्त अवसरमा प्रदेश सचिव रावलले नेकपा माले सिद्धान्त, विचार र नेपाल चिन्तनबारे सहभागीहरुलाई प्रशिक्षण पनि गराएका थिए ।

## किमको...

उक्त कार्यक्रममा सभापतिको आसनबाट आफ्नो मन्तव्य राख्दै नेकपा मालेका महासचिव मैनालीले कोरियाली जनताका महान महासचिव किमको सफल आत्मरक्षाको नीतिकै कारण प्रजग कोरियाले विश्व कुटनीतिमा आफूलाई अग्रस्थानमा राख्न सकेको र महाशक्ति अमेरिका समेतले सो कुरा स्वीकार्न बाध्य भई सिंगापुर तथा हनोइमा विगतमा राष्ट्रप्रमुख स्तरमा वार्ताहरु सम्पन्न भए तापनि अमेरिकाको धोकाधडीको कारण शान्तिवार्ता बीचैमा तुहिएको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट महामहिम राजदुत मानले जुछे विचारधारामा आधारित भई कसरी महासचिव किम जोङ इलले कोरियालाई एक शक्तिशाली राष्ट्रको रुपमा विकसित गर्नुभयो भन्ने कुरा प्रकाश पार्नुभएको थियो । नेकपा मालेका स्थायी कमिटी सदस्य कुमार बेलवासेले सबै सहभागीहरुलाई स्वागत गरी शुरु भएको उक्त कार्यक्रममा नेपाल पत्रकार संघका सभापति मन्जुरत्न शाक्यले महान कोरियाली जनताका नेता महासचिव किमको बहुआयामिक व्यक्तित्व र उनीद्वारा प्रतिपादन गरिएको सोन्गुन आत्मरक्षाको नीतिबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा नेकपा मालेको स्थायी कमिटी सदस्य सुरेन्द्र ढकालले महासचिव मैनालीद्वारा हस्ताक्षरित कोरियाली जनताका सर्वोच्च कमाण्डर किम जोङ उनलाई लेखिएको पत्र वाचन गरी सुनाउनुभएको थियो । कार्यक्रममा कोरियाली जनता तथा विश्व श्रमजीवि जनताका महान नेताप्रति एक मिनेट मौनधारण गरी श्रद्धाञ्जली अपर्ण गरिएको थियो ।

## छाउपढीको...

तथा जिल्लामा रहदै आएको कुप्रथा परिवर्तन हुन नसक्नु लजाज्स्पद छ । अदृष्य कुराको विश्वास गरेर आफ्नै सन्तानमाथी मृत्युको बज्रपात ल्याउने कस्तो समाज कस्तो परिवार हो ? यसले सबैलाई गम्भीर भएर समाजको कुप्रथाविरुद्ध आवाज बुलन्द गर्नका निम्ति पनि पाठ सिकाएको छ । आज दुनिया धेरै अगाडी बढिसक्यो तर हाम्रो समाज कुप्रथालाई अङगालेर सृष्टीका जननी महिला तथा किशोरीहरुलाई अकालमा मर्न बाध्य पारिरहेको छ । यस विषयमा राजनैतिक दल किन मौन छ ? यस विषयमा प्रहरीले किन तदारुक्ता नदेखाएको ? के यो कुप्रथा सरकार भन्दा माथी हो ? के छाउपडी मान्ने समाजलाई कानुनले छुदैन र ? यदि कानुनी रुपमा दन्डनीय हो भने कानुन कार्यान्वय गर्ने निकाय किन मौन ? छाउबार्न गोठमा गएका महिलाहरुसँगै बालबालिका पनि लाने र बालबालिको पनि मृत्यु हुने उनीहरुमा कुपोषणजस्ता रोगहरु लाग्ने घटनाहरु त झन निन्दनीय रहेको छ ।

यसले बालबालिकाको स्वच्छ वातावरणमा हुर्कन पाउने अधिकार हनन भएको छ । यसले गर्दा छाउपडी प्रथालाई स्वीकार गर्ने समाजमा मानवीय सम्बेदना नभएको देखियो । समाजले अदृष्य कुराको विश्वासले गर्दा मानवीय सम्बेदना गुमाउन पुगेको बुझिन्छ । त्यो अदृष्य विश्वास भनेको देउता रिसाउछन भन्ने गलत धारणाले समाजलाई पूरै अन्धो बनाएको देखिन्छ । यसका विरुद्ध राष्ट्रिय रुपमा आवाज उठाउनु जरुरी छ । यसका विरुद्ध संसदमा छलफल हुनु जरुरी छ । आछामका महिला तथा किशोरी छाउप्रथाको सिकार भएर मर्छन भने ती आछाम मात्र नभएर पूरै देशका किशोरी तथा महिलाहरुको समस्या हो । भोली झापाका मोरङका इलामका किशोरीहरु बझाङ तथा आछाममा बुहारी भएर जाने अवस्थामा उनीहरुले पनि यो कुप्रथाको सिकार हुनुपर्छ । त्यसलै यो आछाम तथा बझाङ जिल्लाको मात्र समस्या नभएर पूरै देशको समस्या हो । यो प्रथा हटाउनका लागि पूरै देशबाट आवाज उठन जरुरी छ ।

यस तिनै तहका सरकार गम्भीर भएर कुप्रथा हटाउने अभियानमा लाग्न आवश्यक छ । नत्र कयौ आमा तथा किशोरीहरुलाई छाउपडी प्रथाले खाइरहने छ । छाउपडी प्रथा मान्ने परिवारलाई सामाजिक वहिस्कार गर्ने अभियान चलाउन समाजले आट गर्न सक्नुपर्छ । कुप्रथाको विरोद गर्नुपर्ने समाजले उल्टै कुप्रथाको बचाउ गर्ने दवाव दिनु भनेको अमानवीय र असामाजिक काम हो । जसले पूरै देशको समस्याको प्रतिबिम्बित गर्दछ । त्यसकारण छाउपडीजस्तो गलत प्रथालाई सधैका लागि अन्त्य गर्न सबै तह र तप्काबाट आवाज बुलन्द गरौ जिउदै मानिसलाई चितामा राखेर जलाउने कुररतापूर्ण प्रथा त यो देशबाट सधैका लागि हटयो भने यो छाउपडी प्रथा पनि सधैका लागि हट्न सक्छ तर संगठित आवाजको खाचो पर्छ ।

## दुताबासलाई..

विरोधपत्र बुझ्दै भारतीय दुताबासका द्वितीय सचिव डा.अजयकुमारले नेपाली जनताका माग र धारणाबारे आफूहरु जानकार भएको प्रतिक्रिया दिए । सीमा विवादको समस्या आपसी छलफलमा टुंग्याउनुपर्ने बताउँदै ज्ञापनपत्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसम्म पुऱ्याउने उनले बताए ।

## सीमा विवाद...

एकपक्षीय रुपमा नक्सा प्रकाशित गर्ने भारत सरकारको काम गैरकानुनी छ र त्यसको कुनै कानुनी हैसियत छैन । फोरमले सीमा विवाद समाधान गर्न दुवै मुलुकलाई सहयोग गर्न आफू तयार रहेको जनाएको छ । ऐतिहासिक प्रमाण तथा अन्तर्राष्ट्रिय कानुनका आधारमा कालापानी र सुस्ता क्षेत्रको विवाद समाधानका लागि सघाउन फोरम तयार छ । फोरमका अध्यक्ष तथा लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुन प्राध्यापक डा.सूर्य सुवेदीले भनेका छन् । उनले यो विषय आपसी सम्मान विश्वासका आधारमा नियमित कूटनीतिक माध्यमबाट समाधान गर्न पहल गर्न दुवै मुलुकलाई आग्रह समेत गरेका छन् ।

## नेपालको...

होइन ।' सडक छेउमा भारत सरकारले तारबार घेरेर सिमाना व्यवस्थित बनाउनुका साथै सर्वसाधारणको आवतजावतका लागि निश्चित क्षेत्रबाट मात्रै अनुमति दिन सक्ने यादवले बताए ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१८



खोमदत्त बराल

तर मेट्रोमा आइमाइ गुन्द्रुकेहरुले दिइने भन्दा बढि आरक्षण सुबिधा दिनुको मत्लब शहर बजारमा ऐस आराममा रम्ने रमणीयहरुलाइ मात्रै आरक्षण त्यसमा पनि उनीहरु बस्ने क्षेत्रभीत्र पसेमा नै दण्डनीय अपराध मानेर साजय गर्ने यो कस्तो काइदा । कानुनले गर्नु भनेको गर्न पाउँने र नगर्नु भनेको गर्न नहुँने । यसै कसुरको आधारमा दण्ड सजायको ब्यबस्था हुने गर्छ । मेट्रो यातायात बर्तमानमा नयाँ दिल्लीको यातायातको एउटा सशक्त साधन बनेको रहेछ । त्यो निकै सुबिधा जनक र सस्तो साधन बनेको छ । तर यति धेरै यस्तो गौरबमय कार्य त होइन । अनि महिलाहरुलाइ यति धेरै आरक्षण किन दिनु पऱ्यो । यदि कुनै समयमा दुई एक महिला मात्र चढेर अन्यत्र भरिभराउ यात्रु भए भने तिनीहरु यस क्षेत्रमा प्रबेसै गर्न नपाउने ? यो पक्षपात पुर्ण ब्यबहार हो । कानूनको आँखामा यस्तो असमान ब्यबहार हुनै सक्दैन । यो सायद संसारले कानुन बनाएर लागु गरेको पनि होइन होला । यदि कानुन संसदले बनाएर लागु गरेको हो भने भारतीय प्रजातन्त्रमा कलह नै हो । यो त सामन्ती शासनको उदारणीय अबशेषको रुपमा दिनु पर्ने हुन्छ । लिंगभेद हुने असमान कानुन बर्जित हुन्छ । त्यसो त भारतले बिकाश निर्माणका काममा उल्लेखनीय प्रगती गरेको छ । एयरपोर्ट नै एउटा भब्य निर्माण बनेको छ । यही मेट्रोमा पनि प्रशंसनीय काम भएको मान्नु पर्छ । दिल्ली वरिपरि हरियाली बनाउँन प्रशस्त लगानी भएको छ । रेल्वे सेवा संसारकै अद्धितीय सेवाका रुपमा लिन सकिन्छ तर दिल्ली घुम्न धेरै ठाउँमा वाक् वाकी आउने गन्ध धेरै ठाउँमा प्रशस्त पाइन्छ । औधोगीक उतपादनको फोहोर ढलब्यबस्थाले ठाउँ ठाउँमा नराम्रो गन्ध झुपरपट्टि र यमुना नदीको गन्धले दिल्लीलाइ कलंकित गरेको छ । काठमाण्डौं छोडेको सात दिन भैसकेको छ । पत्रपत्रिकाबाट पनि कुनै खबर थाहा पाउँन सकिएको छैन । झलनाथजीको अर्जुन दृष्टिले के के लछारपाटो लगायो । अर्जुन दृष्टिमा द्रोणचार्यको सिकाइले चेलाहरुबाट चमत्कारीक परिमाण निकालेको थियो । तर गुरु नभएका झलनाथजीको अर्जुन दृष्टिलाई तेजोवध गर्ने दुर्योधनहरु केपी र माधबजीले नजिकैबाट बुझेका छन् । केपी र माधबजीको सहयोगात्मक सद्भाब नभए सम्म अर्जुन दृष्टिले केही गर्न सक्दैन आँखा कमजोर भएका झलनाथजीको गफकै रुपमा सीमित हुन्छ । प्रचण्डपथले बाबुराम पथको ट्र्याक समातेको हल्ला थियो । सबैले प्रचण्ड पथमा कमरेड बैद्यको बाटोलाइ समायोजन गर्न कठिन भएको बिबरणले गर्दा सहज भएको थियो । यति बेला के भइरहेछ लामै समय बित्यो । यो सात दिनको यात्रा खबर बिहिन भएको छ । संबिधान बनाउने काम र लाल सेना समायोजन गर्ने कामले पूर्णता नपाए सम्म संसदको काम छैन । वास्तबमा देशको अबस्थाले धान्नै नसक्ने छसय एक बिधायक भनेको उचित थिएन । के कारण हो ? यति ठूलो संख्यामा बिधायक राख्ने निर्णय भयो । सबै जात जाति धर्मलिंग मधेसे पहाडे गरेर आरक्षण गर्नु पर्दा पनि यी यति धेरै असक्षंम जमातको संबिधान सभा बनाउनु पर्ने बाध्यता बनेको होला । अरु राजनीतिक कारण पनि हुन सक्छ । अँ आफ्नो कुरा आफ्नै ब्यथा कथा छ । यो प्रक्तिकार पूर्व कर्मचारी संघको महासचिब बनेको केही दिनमा नै दिल्ली दैड सुरु भएको छ । राजनीतिक प्राणीहरुको लागि दिल्ली त मिया मुसलमानहरुको मक्का महिना जस्तो हो । तर यस महासचिबको भने कुनै राजनीतिक भेटघाट भएको छैन । बिलकुल निजी भ्रमण हो । सइभावना पनि होइन र एमाले महासचिबले महाकाली संम्झौंतालाई प्याकेज डिल गरेर भारतलाइ सुम्पीए जस्तो भ्रमण आफ्नो चाहीं हुदै होइन । पाए र सकेमा म चाहीं भारत संग भएको सबै सम्झैंताहरु खारेज गरेर कोशीको गण्डकी र महाकाली सम्झैंताका आबरु बचाउने थिएं । यस महासचिबलाइ भारतिय शासकहरुले अनादर गरेपनि आफ्नो भावनामा उठेका राष्ट्रियताको ज्यार भाटालाई यी अन्यायी र बद्मास शासकहरुले मटिया भेट गर्न सक्दैनन् । कुनै समयमा यी भारतीय शासकहरुले आउने दिनहरुको कुनै समयमा बुझ्न कर लाग्छ । कालन्तरमा एउटा बिश्वासिलो र चमत्कारिक शासकको नेपालमा जन्म हुन्छ र भारतबाट हुने अन्यायको निमासो पार्न सक्छ । यस काल खण्डमा देखिएका लोभि पापी कथित नेताबाट भारतलाई प्रभाव पार्न सक्ने क्षमताको छनक देखिदैन । राजनीतिक दलको एउटा पक्षले मात्र भारतलाई आफ्नो कुरा सुनाउँन बाध्य पार्न सक्दैनन् । सबै राजनीतिक दल र मेची महाकाली सर्बसाधारण जनताहरु तर भारततर्फको काम ब्यबहारले पिडित भएका जन समुदायको एकिकृत बुझाइ भएमा मात्र भारतलाई कुनै कुरा गर्न गराउँन बाध्य पार्न सकिएला तर यस्तो नेतृत्व तयार गर्न गाह्रै छ । यति बेला राजनीतिक दलहरु देश र राजनीतिक स्वार्थमा भन्दा ब्यक्तिगत स्वार्थमा निर्लिप्त छन् । नेकपा एमालेका केपी ओली प्रभाबकारी नेता त भनिन्छ । उनलाइ नेपाल र नेपालीका सामूहिक हित भन्दा निजी हितमा चलाममान छन् । झलनाथजीका प्रभावकारिता देखिएन प्रचण्ड र बाबुरामजीहरुले लामो समय सत्ताभोग गर्न नपाए कोले उनिहरुको खुबी तौली हाल्न सकिने बेला भएको छैन । तराइ तिरका नेताजीहरु आफ्नो राजनीतिक र क्षमतामा भन्दा औषधी लगाएर फुल्यो भने पनि आफ्नै तागतमा फुलेको अनुभुति गर्छन् । वास्तबमा नेपाली कांग्रेस पुरानो र लोकतान्त्रीक दल मानिए पनि खासै खुबि देखिएन । अघिल्ला पुस्ताका बिपी,जीपी ,केपी,गणेशमानहरु गइ सकेपछि यी अघिल्ला जमानाका नेताहरुलाई भारतीय दुताबासको खर्चमा सिक्षा दिक्षा पाएकाले यी पनि भारत संग दह्रो गरी कुरा राख्न सक्ने देखिएन । यो बिधिको बिधान हो या यस मुलुकका कमजोर नेताका कारण देशले बिकाशवादी बाटो समात्न सक्ने क्षमता देखिएन ।

दिल्लीको बसाइ आरामदायि नै छ । काठमाण्डौं बाट नै कोठाको ब्यबस्था भएको थियो । प्रदिप दाइले दवाइ गर्ने सिलसिलामा असोज देखि माघ सम्म राजिब गान्धी क्यान्सर अस्पतालमा औषधि गराउने काममा चिनजान भएका ब्यक्तिलाई फोन गरेकोले डेराको ब्यबस्था भएको थियो । राजीब गान्धी अस्पताल नजिक सोम बजार भन्ने ठाउँ रहेछ । टोल नै भने पनि हुन्छ । यही दुईटा कोठा लिएर बसिएको छ । प्रदिप दाई र मिरा दिदी माथिल्लो तलामाथिको कोठामा बस्नु हुन्छ । हामी उमाजी र यो प्राणी भूइतलामा बसेका छौं । भूइतलामा नै वाथरुम र किचन पनि छ । एउटा फ्रिज पनि छ । साग सब्जी दूध राख्न फ्रिजले राम्रो संग सहयोग गरेको छ । पानी उमालेर फ्रिजमा राख्यो । चिस्यायो खायो, मजै भएको छ । मेवा स्याऊ र केरा प्राय सधै खाइदैं छ । *(क्रमश:)*

## सैनिकको...

पूर्वको पानी पश्चिम र पश्चिमको पानी पूर्वतर्फ डाइभर्ट गरि नहरकुलोहरु जाल जस्तै बिछाइ अनाबृष्टिले शून्य प्रतिशतपनी नघटने भएपछी खेती उध्योग ब्यवासायवाट निर्यात गर्न हरेक उत्पादनमा हामी समर्थ हुन्छौ । जमिन , जल र जङ्गललाई बैज्ञानिक ढंगले उपयोग गरेमा खान र औषधि उत्पादन र निर्यात गर्न पनि राष्ट्र समर्थ हुनसक्छ ।

वर्तमान संविधान ५०५ भन्दा वडि राष्ट्र घातक छ संशोधन नगरी हुदैन । परन्तु भारतले खोजेजस्तो संविधान होइन , कथित मधिसे नेता भनाउदाहरु क्यासेट वा टेपरेकर्डर हुन भारतका सिक्किमे काजी लैण्डूप दोर्जेहरु जस्तै । इन्दिराले जर्नेल सिंभिण्ड राम वालेलाइ हिरो बनाए जस्तै बने बनाइएका । ग्रासरुटका आममधिसे जनता चाहिँ सच्चा राष्ट्रभक्त हुन् । कथित मधिसे नेता राष्ट्रभक्त भए लिम्पिपा धुरादेखी टनकपुर , सुस्तो देखि पशुपतिनगर , पाँचथर देखि ताप्लेजुङ सम्म भारतले अतिक्रमण गर्दा खोइ बिरोध गरेका नेपालको नागरिकता लिएका भारतिय हुन् । सांसद महेन्द्र राय शुद्ध नेपाली हुनाले अगाडि नै भारतको बिरोध गरिसके ।

लम्पसारवादी गिरिजा देखि अरिङ्गाले सम्मका राष्ट्रघातकहरुले गरेका सन्धी सम्झौता सारा रद्द गर्नुपर्दछ , ४/५ बर्ष पहिले देखि तत्कालीन गृह र वर्तमान र क्षामैत्रि राजनाथसिंहले ४५ लाख लिइसके अब ५५ लाख भारतिय मूलका जनताले नेपालको नागरिकता लिन बाकी छ त्यो शिघ्रपाउनु पर्दछ भनेर मन्त्रीको हैसियत ले धेरै ठाउँमा भाषण गरेका थिए, सम्झौता भएपनी त्यो राष्ट्रघातक हो, कम्तीमा पनि तीन पुस्ता नेपालमा जन्मी बस्तै आएका मात्र नागरिक हुने ०१७ साल देखिको नागरिकताको प्रमाण पत्र पुनरावलोकन दफा संविधानमा उल्लेख हुनैपर्छ ।

अब संशोधन हुने संविधान (७) सात दफायी थपिने या लेखिनु पर्दछ ( (१) मृत्यु दण्ड, (२) तिन बंश देखि नेपालमै जन्मी बसेको हुनुपर्ने, (३) शुरुदेखिको नागरिकताको प्रमाणपत्र पुनरावलोकन गरिने, (४) वि.सं बार साल अघिको जस्तो राहदानी लिएरमात्र आवतजावत गर्न पाउने, (५) नाकाबन्दी हुँदा आत्मनिर्भर हुन खाधान्न, दलहन, तेलहन, जडिबुटी, रेशम, अनि जन्य, भेडा, च्याङ्ग्रा,खरायो, कपास, बाबियो, जुट आदि इत्यादिको खेतिपाती प्रशोधन गर्नैपर्ने , (६) प्रादेशिक ब्यवस्थाउन्मुलन गरि प्रतिनिधि सभा र स्थानिय निकाय मात्र राख्ने, (७) भारतसँग नहर र बिधुत नदिनाला समेत सबै प्रकारका सन्धी सम्झौता रद्द गर्नुपर्दछ ।

परराष्ट्र नीति स्पष्ट र असंग्लन निश्पक्ष हुनुपर्दछ, नेपाल र मित्र देशहरुको हानी नोक्सानी हुनेकाम नगरी, धार्मिक दर्शन पूजापाठ गर्न अतिक्रमणकारी भारतियहरु र महात्मा दलाइ पनि लुम्बिनीमा आउन जानलाइ विदेशिले दादागिरी पाउनु हुँदैन ।

भूटान जस्तै जम्मुकश्मिर स्वतन्त्र सार्वभौम राष्ट्र हो । भूटान र कश्मिर दुबै देशको रक्षा , विदेश र सुचना तथा संचारका बिभाग लिने अधिकार भारतलाइ लिने अधिकतम दादागिरी सोचाइ हो जनमतसंग्रह यु.एन.ओ. ले गरेर समाधान गर्नुपर्छ, यो निर्णय भारत(पाकिस्तान दुवै देशले स्वीकार गर्नुपर्दछ ।किनभने नेपालको श्री ५ को साही राजतन्त्र २३८ वर्षे राजतन्त्रात्मक देश हो । सिक्किमलाइ जस्तै भारतले कब्जा गरेको हो भारतले चुलेसी निल्न खोजेको हो । चीन सङ्ग मिलेर नेपालको लिपुलेक भूमिलाइ ब्यापारिक ट्रान्जिट मार्ग बनाए, कालेकाले मिलेर भाले खान खोजेका हुन् । ठूलो हुँदैमा दादागिरी गर्नु हुदैन । दुवै देशले प्रायश्चित गर्नुपर्दछ । यता भारतले धारा ३७० र ३५ ए ब्युताइ जनमत संग्रह गराउनुपर्दछ । सार्वभौम स्वतन्त्र राष्ट्र कश्मिरका प्रख्यात इतिहासकार 'कल्हण' ले लेखेका 'राज तंरगिणी' नामक पुस्तकमा उल्लेख भएअनुसार बिक्रम सम्वतको नवौ सताब्दिमा छिमेकी राजाद्वय नेपाली राजा अरमुडी सङ्ग कश्मिरी राजा जयपिडको युद्ध पनि भएको थियो । यो एक्काइसौं सताब्दिमा भारत र उसको गुरु भ्लादिमिर पुटिन दादागिरी गर्नु हुदैन, हिटलर, पोलहरु पनि मरे ।

सारांशमा वर्तमान प्रधान सेनापती पुर्णचन्द्र थापाले देशको भलो चिताउनु भएको हो भने संविधान बदल्न कि सफल जनआन्दोलन कि सैनिक कू । सेनाले चाहेमा रक्तपात कू हुन्छ र पूर्वोक्त प्रकारको संविधान एकहप्तामै तयार हुन्छ र एक महिनाभित्रमा निर्मला पन्त, निसान खड्का, केशव झा, नन्द प्रसाद अधिकारी, गंगामाया, प्रा.डा गोविन्द के.सि आदि इत्यादि हरुले न्याय पाउनेछन् र आजसम्म सेनाले जेजत्ती अधर्म, कुकर्म गरेको छ, त्यसमा पनि थोरै भने पनि पापकटनी हुन्छ एवं पिडित नेपालीहरुले केही राहत पाउछन्, होइन भने ९५ हजार सेना, वाँदरको पुच्छर लहुरो न हतियार ।

## सार्क...

संकेत गरेको थियो । भारतले पाकिस्तानलाई आतंककारीको संरक्षण भएको आरोप लगाउँदै आएको छ । सन् १९८० मा दक्षिण एसियामा विकसित क्षेत्रीय एकताको भावनालाई समेट्नका लागि बंगलादेशका राष्ट्रपति जियाउर रहमानले सार्क स्थापनाको विशेष पहल गरेका थिए । त्यसअघि नै नेपालका राजा वीरेन्द्रले सन् १९७७ मा कोलोम्बो योजना परामर्शदातृ सम्मेलनमा नेपाल हितका लागि प्रयोग गर्न आह्वान गरेका थिए । यसरी विकसित भएको सार्क अवधारणालाई बंगलादेशमा ७ र ८ डिसेम्बर १९८५ मा ढाकामा प्रथम शिखर सम्मेलनको आयोजना गरी औपचारिकता दिइएको थियो । त्यसबेला नेपाल, पाकिस्तान, बंगलादेश, भारत, भुटान, माल्दिभ्स र श्रीलंकाले सार्क बडापत्रमा सहमति जनाएका थिए भने सन् २००७ अप्रिलमा भारतमा सम्पन्न १४औं शिखर सम्मेलनले अफगानिस्तानलाई सदस्यता प्रदान गरेको हो । सन् २००४ मा पाकिस्तानमा भएको सार्क शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री अटलबिहारी वाजपेयीले सार्क शिखर सम्मेलनमा सहभागिता जनाउँदै पाकिस्तानी तत्कालीन राष्ट्रपति परवेज मुसर्रफसँग छलफल गरेका थिए । यसपटक भारतले पाकिस्तानमा हुने सार्क शिखर सम्मेलनमा सहभागिता जनाएमा उनी त्यसपछि सार्क शिखर सम्मेलनका लागि पाकिस्तान जाने पहिलो प्रधानमन्त्री बन्नेछन् । तर, तत्काले सार्क शिखर सम्मेलन हुने अवस्था देखिएको छैन ।

नेपाल सार्कको अध्यक्ष राष्ट्र मात्रै नभएर संस्थापक र परिकल्पनाकार मुलुकमध्ये एक हो । सार्कको प्रधान कार्यालय नेपालमा नै रहेको छ भने सार्कका हरेक गतिविधिमा नेपालको धेरथोर हिस्सेदारी अवश्य छ । सार्कको अध्यक्ष राष्ट्र भएको नाताले नेपाल र सार्क शिखर सम्मेलन आयोजक राष्ट्रका हिसाबले पाकिस्तानको भूमिका यसको प्रभावकारिता, सुदृढीकरण, अवरोध भएका गतिविधिलाई नियमित गर्ने मुख्य दायित्व पनि यसबेला छ । भारत र पाकिस्तानबीच काश्मीरका विषयमा यसअघि दुईपटक युद्ध भए पनि नेपालले त्यसमा आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गऱ्यो ।

सार्कका शीर्ष नेताहरूको सहभागिता रहने सार्क शिखर सम्मेलन रोकिएको यो पहिलो अवसर होइन । यसअघि भारत र पाकिस्तानको द्वन्द्वकै कारण सन् २००२ मा चार वर्ष रोकिएर काठमाडौंमा एघारौं शिखर सम्मेलन भएको थियो । त्यसअघि र पछि पनि भारत र पाकिस्तानबीच पटकपटक भइरहने द्वन्द्व र शीतयुद्धका कारण सार्क प्रभावकारी बन्नै सकेन । स्थापनाको ३५ वर्ष पुग्दा पनि यसले प्रभावकारी भूमिका खेल्न नसक्नुको मुख्य कारण सार्क राष्ट्रबीचको तनाव, योजना कार्यान्वयनमा दृढताको कमी र सार्कलाई गतिशील बनाउने स्पष्ट दृष्टिकोणको अभाव हो । सार्कको सिद्धान्तमा संगठनको ढाँचाभित्र गरिने सहयोग एकअर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेप तथा आपसी हितमा आधारित हुने, यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पूरकको रूपमा हुने, दुईपक्षीय तथा बहुपक्षीय दायित्वविपरीत र खराब नियतिका लागि नहुने स्पष्ट उल्लेख गरिएको छ । तर, सार्क राष्ट्रका सबै सदस्य राष्ट्रले यसलाई अंगीकार गर्न सकेका छैनन् । यसले सार्कको गतिविधिमा संकुचन र रोकावट खडा गरेको छ ।

सार्कको बडापत्रमा नै यसका उद्देश्यलाई किटान गरिएको छ । जसअनुसार, यस क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एकअर्काका समस्याहरूप्रति समझदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संठनहरूलाई सहयोग पुऱ्याउनु, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र समृद्धि गर्ने, एकआपसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र आर्थिक, समाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका छन् । तर, व्यावहारिकतामा त्यस्तो देखिँदैन, अहिले भारत र पाकिस्तानबीचको शक्ति संघर्षले सार्कलाई छायामा पारेको छ । यो सार्कको उद्देश्यको ठीक विपरीत हो ।

यसैगरी, सार्क राष्ट्रबीचको आपसी विश्वासमा समेत कमी देखिन्छ । खासगरी भारत र पाकिस्तान, अफगानिस्तान र पाकिस्तानबीच यस वर्ष अन्तर्राष्ट्रियस्तरको ध्यान आकृष्ट हुने गरी संघर्ष भए । पाकिस्तान र अफगानिस्तानबीच सीमा विवादका कारण लामो समयसम्म सीमा नै बन्द रहने अवस्था सिर्जना भयो । अहिले काश्मीरको विषयलाई लिएर दुई देशबीच द्वन्द्वको अवस्था सिर्जना भएको छ । गत वर्ष भारतले नेपालमाथि लगाएको अमानवीय नाकाबन्दी आदिले सार्कको उद्देश्य एकातिर र व्यवहार अर्कैतिर रहँदै आएको छ । यसमा आवश्यक सामञ्जस्यता कायम नगरेसम्म सार्कको प्रभावकारिता रहनेमा आशंका गर्ने ठाउँ प्रशस्तै छन् । विगत तीन दशक लामो सार्कको इतिहास हेर्ने हो भने पनि महत्वपूर्ण एजेन्डामा समेत मौन रहँदै आएको छ । सार्कका कुनै पनि राष्ट्रको सहमतिविना कुनै पनि सामूहिक निर्णय हुन सक्दैन । सार्क बडापत्रको धारा १० मा उल्लेख गरिएका सामान्य नियमको व्यवस्था नै सार्कको गतिशीलताका लागि ठूलो बाधकका रुपमा रहेको छ ।

## नेपाल...

केन्याको समान रहेको छ । नेपालले सन् १९९० देखि २०१८ सम्म औसत 'झ्यालु' क्रमश: वृद्धि गरिरहेको छ । मानव विकास सूचकांकका आधारमा नेपाल मध्यस्तरको देशका रुपमा रहेको छ । प्रतिवेदनमा विश्वभरका देशलाई १८९ स्थानसम्म वर्गीकरण गरिएको छ । त्यसमध्ये नेपाल अति कम मानव विकास सूचकांक भएका मुलुकभन्दा एक कदम मात्र माथि छ । सूचीअनुसार १ सय ५३ औं स्थानसम्म रहेका मुलुकलाई मध्यमस्तर मानिएको छ भने त्योभन्दा तल रहेका मुलुक कमजोर मानव विकास भएका छन् । मानव विकास सूचकांकमा सबैभन्दा अग्रस्थानमा भने नर्वे रहेको छ ।